# भाग २

श्री ५ को सरकार

## कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेववाट जारी गरिवक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०६१ सालको अध्यादेश नं. २७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश

प्रस्तावना : मुलुकको समग्र बैकिङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गरी निक्षेपकर्ताको हक हितको संरक्षण र सम्वर्द्धन गर्न, बैंक तथा वित्तीय संस्थाको स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र सम्बन्धी जोखिम कम गर्न, बैकिङ्ग तथा वित्तीय क्षेत्रको उदारीकरण गरी नेपाल अधिराज्यको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन तथा बैंक तथा वित्तीय संस्थाको स्थापना, संचालन, व्यवस्थापन र नियमनका सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनको तत्काल संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेववाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस अध्यादेशको नाम "बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो अध्यादेश नेपाल अधिराज्यभर लागू हुनेछ र बैंक वा वित्तीय संस्थाले नेपाल अधिराज्यबाहिर जहाँसुकै खोलेका कार्यालय समेतलाई लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ख) "बैंक" भन्नाले दफा ४७ को उपदफा (१) बमोजिमको वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

(ग) "वित्तीय संस्था" भन्नाले दफा ४७ को उपदफा (२),(३) वा (४) बमोजिमको कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

(घ) "प्रबन्धपत्र" भन्नाले बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र सम्झनु पर्छ र सो शव्दले संगठित संस्थाको विधान समेतलाई जनाउँछ ।

(ङ) "नियमावली" भन्नाले बैंक वा वित्तीय संस्थाको नियमावली सम्झनु पर्छ ।

(च) "संस्थापक" भन्नाले यस अध्यादेश बमोजिम बैंक वा वित्तीय संस्था स्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा कम्तीमा एक शेयर लिन मन्जूर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ ।

(छ) "शेयर" भन्नाले बैंक वा वित्तीय संस्थाको शेयर पुँजीको विभाजित अंश सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ज) "शेयरधनी" भन्नाले बैंक वा वित्तीय संस्थाको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "विवरणपत्र" भन्नाले बैंक वा वित्तीय संस्थाले दफा ६ बमोजिम प्रकाशन गर्नु पर्ने विवरणपत्र सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा १२ बमोजिम गठन हुने बैंक वा वित्तीय संस्थाको संचालक समिति सम्झनु पर्छ ।

(ट) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ठ) "संचालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष र बैकल्पिक संचालक समेतलाई जनाउँछ ।

(ड) "पदाधिकारी" भन्नाले बैंक वा वित्तीय संस्थाको संचालक, कार्यकारी प्रमुख, सचिव र कर्मचारी सम्झनु पर्छ र सो शब्दले इजाजतपत्रप्राप्त संस्थाको सल्लाहकार, लेखापरीक्षक र लिक्वीडेटर भई काम गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(ढ) "इजाजतपत्र" भन्नाले वित्तीय कारोबार गर्न राष्ट्र बैंकले यस अध्यादेश बमोजिम बैंक वा वित्तीय संस्थाको नाममा जारी गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(ण) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले वित्तीय कारोबार गर्न यस अध्यादेश बमोजिम इजाजतपत्र प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्छ ।

(त) "वित्तीय कारोबार" भन्नाले बैंक तथा वित्तीय संस्थाले गर्ने दफा ४७ मा उल्लेख भए बमोजिमको कारोबार सम्झनु पर्छ ।

(थ) "पुँजी" भन्नाले दफा ४० बमोजिमको बैंक वा वित्तीय संस्थाको अधिकृत पुँजी, जारी पुँजी वा भुक्तानी पुँजी सम्झनु पर्छ ।

(द) "पुँजीकोष" भन्नाले बैंक वा वित्तीय संस्थाको प्राथमिक पुँजी र पूरक पुँजीको योग सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा निर्धारण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको सो संस्थाको अन्य कोष समेतलाई जनाउँछ।

(ध) "प्राथमिक पुँजी" भन्नाले बैंक वा वित्तीय संस्थाको चुक्ता पुँजी, शेयर प्रिमियम, फिर्ता नहुने अग्राधिकार शेयर, साधारण जगेडा कोष र सञ्चित नाफा-नोक्सान शीर्षकमा रहेको रकम सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा प्राथमिक पुँजी भनी तोकिदिएको अन्य शीर्षकमा रहेको रकम समेतलाई जनाउँछ ।

(न) "पूरक पुँजी" भन्नाले राष्ट्र बैंकले समय समयमा तोकिदिएका शीर्षकहरुमा रहेको बैंक तथा वित्तीय संस्थाको रकम सम्झनु पर्छ ।

(प) "जोखिमभारित सम्पत्ति" भन्नाले बैंक वा वित्तीय संस्थाको वासलातभित्रका र वासलात बाहिरका प्रत्येक शीर्षकमा रहेको रकमलाई राष्ट्र बैंकले तोकिदिएको जोखिमभारले गुणन गरी निकालिएको कुल सम्पत्ति सम्झनु पर्छ ।

(फ) "तरलसम्पत्ति" भन्नाले बैंक वा वित्तीय संस्थाको नगद मौज्दात, बैंक वा वित्तीय संस्थाले चल्ती खातामा राखेको मौज्दात, बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकमा राखेको मौज्दात र राष्ट्र बैंकले समय समयमा तरल सम्पत्ति भनी निर्धारण गरिदिएको बैंक वा वित्तीय संस्थाको सम्पत्ति सम्झनु पर्छ ।

(ब) "निक्षेप" भन्नाले बैंक वा वित्तीय संस्थाको चल्ती, बचत वा मुद्दती खातामा जम्मा भएको रकम सम्झनु पर्छ र सो शब्दले बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकले तोकेबमोजिमका विभिन्न वित्तीय उपकरणको माध्यमबाट स्वीकार गर्ने रकम समेतलाई जनाउँछ ।

(भ) "चल्ती खाता" भन्नाले मागेको बखत जहिले पनि झिक्न पाउने गरी बैंक वा वित्तीय संस्थामा राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(म) "बचत खाता" भन्नाले बैंक वा वित्तीय संस्थामा बचतको निमित्त राखिएको रकमको हरहिसाब

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



229

लेखिएको खाता सम्झनु पर्छ ।

(य) "मुद्दती खाता" भन्नाले बैंक वा वित्तीय संस्थामा निश्चित अवधिसम्म जम्मा रहने गरी राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(र) "कर्जा" भन्नाले रकम प्रवाह गर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति र त्यसको बदलामा लगानी गरेको रकम असुली गर्ने अधिकार तथा त्यस्ता कर्जाको ब्याज वा अन्य दस्तुरको चुक्ता, कर्जा वा लगानीको धितोमा दिइएको पुनर्कर्जा, कर्जाको पुनर्संरचना र नविकरण, कर्जा चुक्ताको लागि जारी गरिएको जमानी तथा कर्जा चुक्ताको लागि गरिएको अन्य बचनबद्धता सम्झनु पर्छ र सो शब्दले कुनै पनि किसिमको ऋण समेतलाई जनाउँछ ।

(ल) "मुद्रा" भन्नाले कुनै किसिमको करेन्सी नोट, पोस्टल अर्डर, पोस्टल नोट, मनि अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीत-पत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, क्रेडिट कार्ड सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएको अन्य यस्तै प्रकारका मौद्रिक उपकरण समेतलाई जनाउँछ ।

(व) "विदेशी मुद्रा" भन्नाले नेपाली मुद्रा बाहेकको अन्य मुद्रा सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेष अधिकार (स्पेशल ड्रइङ्ग राइट्स), एशियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट तथा राष्ट्र बैंकले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएको अन्य उपकरण समेतलाई जनाउँछ ।

(श) "विदेशी विनिमय" भन्नाले विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुनसक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेका चेक, ड्राफ्ट, यात्रुचेक, विद्युतीय रकमान्तर (इलेक्ट्रोनिक फण्ड ट्रान्सफर),


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
२५२

क्रेडिटकार्ड, प्रतीत-पत्र, विनिमयपत्र, प्रतिज्ञापत्र सम्झनु पर्छ र सो शव्दले राष्ट्र बैंकले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएको अन्य जुनसुकै मौद्रिक उपकरण समेतलाई जनाउँछ ।

(ष) "परिवर्त्य विदेशी मुद्रा" भन्नाले राष्ट्र बैंकले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन गरी परिवर्त्य विदेशी मुद्रा भनी तोकिदिएको विदेशी मुद्रा सम्झनु पर्छ ।

(स) "विद्युतीय रकमान्तर (इलेक्ट्रोनिक फण्ड ट्रान्सफर)" भन्नाले टेलिफोन, टेलेक्स, कम्प्यूटर वा म्याग्नेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतीय उपकरणको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने कारोबार सम्झनु पर्छ र सो शब्दले अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट हुने कारोबार र चार्ज कार्ड, डेविट कार्ड तथा क्रेडिट कार्डबाट हुने कारोबार समेतलाई जनाउँछ ।

(ह) "प्रतीत-पत्र" भन्नाले कुनै एक बैंक वा वित्तीय संस्थाले कुनै अर्को बैंक वा वित्तीय संस्थाको नाममा कुनै व्यक्तिको निश्चित रकमले खामेसम्मको चेक, ड्राफ्ट, हुण्डी वा विनिमयपत्र स्वीकार गर्नु भनी लेखेको पत्र सम्झनु पर्छ ।

(क्ष) "विनिमेय" भन्नाले विनिमेय अधिकारपत्र पाउने कुनै व्यक्तिलाई धारक बन्न सक्ने गरी सो पत्र हस्तान्तरण गर्ने काम सम्झनु पर्छ ।

(त्र) "विनिमेय अधिकारपत्र" भन्नाले प्रतिज्ञापत्र, विनिमयपत्र वा चेक सम्झनु पर्छ ।

(ज्ञ) "विनिमयपत्र" भन्नाले कुनै निश्चित मितिमा वा कुनै निश्चित अवधि पछि वा मागेको वखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई वा सो पत्र लिई आउने व्यक्तिलाई बिना शर्त कुनै निश्चित रकम दिनु भनी कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
२२३

निर्देशन गरी दस्तखत गरिदिएको लिखत सम्झनु पर्छ ।

(कक) "प्रतिज्ञापत्र" भन्नाले निश्चित मितिमा वा कुनै निश्चित अवधि पछि वा मागेको बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई बा सो पत्र लिई आउने व्यक्तिलाई बिना शर्त कुनै निश्चित रकम दिन्छु भनी कबुल गरी दस्तखत गरिदिएको लिखत सम्झनु पर्छ ।

(कख) "वासलात बाहिरको कारोबार" भन्नाले बैंक वा वित्तीय संस्थाले दायित्व व्यहोर्नु पर्ने सम्भावना भएको प्रतीत-पत्र, जमानतपत्र, स्वीकारपत्र, प्रतिबद्धता, विदेशी विनिमय सम्बन्धी स्वाप, अप्सन, अग्रिम कारोबार र त्यस्तै प्रकारका अन्य कारोबार सम्झनु पर्छ ।

(कग) "कार्यकारी प्रमुख" भन्नाले बैंक वा वित्तीय संस्थाको कार्यकारी अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, कार्यकारी निर्देशक, प्रबन्ध निर्देशक, प्रबन्ध संचालक, कार्यकारी संचालक वा महाप्रबन्धक सम्झनु पर्छ र सो शव्दले बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुखको रुपमा काम गर्ने अन्य पदाधिकारी समेतलाई जनाउँछ ।

(कघ) "कार्यालय" भन्नाले बैंक तथा वित्तीय संस्थाको केन्द्रीय कार्यालय सम्झनु पर्छ र सो शव्दले बैंक तथा वित्तीय संस्थाको क्षेत्रीय, शाखा, उप-शाखा, प्र-शाखा, इलाका, प्रतिनिधि, सम्पर्क कार्यालय लगायतका अन्य जुनसुकै कार्यालय समेतलाई जनाउँछ ।

(कङ) "वित्तीय स्वार्थ" भन्नाले संस्थापक वा संचालक, एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा संचालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले कुनै फर्म, कम्पनी वा संगठित संस्थाको चुक्ता पुँजीको दश प्रतिशत वा सो भन्दा बढी हुने


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२२४

गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर खरिद गरेको रहेछ भने त्यस्तो कम्पनी वा संगठित संस्थामा त्यस्तो संस्थापक वा संचालक वा एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्यको वित्तीय स्वार्थ रहेको अवस्था सम्झनु पर्छ ।

(कच) "परिवार" भन्नाले सम्बन्धित व्यक्तिको पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाइ र दिदी, बहिनी सम्झनु पर्छ ।

(कछ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेका नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## बैंक वा वित्तीय संस्थाको संस्थापना र सोको धितोपत्र सम्बन्धी व्यवस्था

३. बैंक वा वित्तीय संस्थाको संस्थापना : (१) यस अध्यादेश बमोजिम वित्तीय कारोबार गर्नका लागि बैंक वा वित्तीय संस्था संस्थापना गर्न चाहने व्यक्तिले त्यस्तो बैंक वा वित्तीय संस्था प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता गराई संस्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनी दर्ता गर्न प्रचलित कानून बमोजिम अख्तियार पाएको अधिकारीले कम्पनी दर्ता गर्दा दफा ४ को अधीनमा रही गर्नु पर्नेछ ।

४. बैंक वा वित्तीय संस्थाको संस्थापना गर्न स्वीकृति लिनु पर्ने : (१) दफा ३ बमोजिम बैंक वा वित्तीय संस्था संस्थापना गर्ने प्रयोजनको लागि सम्वन्धित व्यक्तिले त्यस्तो बैंक वा वित्तीय संस्था प्रचलित कानून बमोजिम दर्ता गर्न निवेदन दिनु अघि देहायका कागजात संलग्न गरी राष्ट्र बैंकले तोकेको दस्तुर सहित पूर्व स्वीकृतिको लागि, राष्ट्र बैंकमा निवेदन दिनु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रस्तावित बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र ।

(ख) प्रस्तावित बैंक वा वित्तीय संस्थाको नियमावली ।

(ग) प्रस्तावित बैंक वा वित्तीय संस्थाको सम्भाव्यता अध्ययन प्रतिवेदन ।

(घ) राष्ट्र बैंकले तोकेको ढाँचामा संस्थापकहरुको व्यक्तिगत विवरण ।

(ङ) बैंक वा वित्तीय संस्था संस्थापना गर्नु अघि त्यस्तो संस्था संस्थापना गर्ने सम्बन्धमा संस्थापकहरु बीच कुनै सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रमाणित प्रतिलिपि ।

(च) संस्थापकहरुले यस दफा बमोजिम निवेदन दिनु भन्दा तत्काल अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण ।

(छ) बैंक वा वित्तीय संस्था संस्थापना सम्बन्धमा राष्ट्र बैंकले तोकेका अन्य विवरण तथा कागजात ।

(२) पूर्व स्वीकृतिको लागि उपदफा (१) बमोजिम निवेदन पर्न आएमा पेश गरेका कागजातको जाँचबुझ गरी राष्ट्र बैंकले स्वीकृति दिन उपयुक्त देखेमा कुनै शर्त तोकी वा नतोकी त्यसरी निवेदन पर्न आएको एकसय बीस दिनभित्र त्यस्तो बैंक वा वित्तीय संस्था संस्थापन गर्न स्वीकृति दिनेछ । स्वीकृति दिन नपर्ने अवस्था भएमा सोको कारण खुलाई निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(३) कुनै विदेशी बैंक वा वित्तीय संस्थाले नेपाल अधिराज्यमा संस्थापना भएको संगठित संस्था वा नागरिकसंग मिली संयुक्त लगानीमा वा विदेशी बैंक वा वित्तीय संस्थाको शतप्रतिशत शेयर लिएको सहायक कम्पनीको रुपमा यस अध्यादेश बमोजिम बैंक वा वित्तीय संस्था संस्थापना गर्न उपदफा (१) बमोजिम निवेदन दिएकोमा यस दफा बमोजिम त्यस्तो बैंक वा वित्तीय संस्था संस्थापना गर्न स्वीकृति दिनेछ ।

५. <u>स्वीकृति दिन इन्कार गर्न सक्ने</u> : (१) देहायका अवस्थामा राष्ट्र बैंकले कुनै बैंक वा वित्तीय संस्थाको संस्थापना गर्नका लागि पूर्व स्वीकृति दिन इन्कार गर्न सक्नेछ :-

(क) प्रस्तावित बैंक वा वित्तीय संस्थाको नाम पहिले नै दर्ता भई कायम रहेको कुनै बैंक वा वित्तीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाको नामसंग मिल्ने भएमा।

(ख) प्रस्तावित बैंक वा वित्तीय संस्थाको नाम वा त्यसले गर्ने वित्तीय कारोबार सार्वजनिक हित, सदाचार, शिष्टाचार, धर्म, जातजाति वा सम्प्रदाय आदिको दृष्टिकोणले अनुपयुक्त वा अवान्छनीय देखिएमा।

(ग) प्रस्तावित बैंक वा वित्तीय संस्थाको उद्देश्य प्रचलित कानून विपरीत भएमा।

(घ) बैंक वा वित्तीय संस्था संस्थापना गर्ने प्राविधिक दृष्टिकोणबाट अनुपयुक्त देखिएमा।

(ङ) प्रस्तावित बैंक वा वित्तीय संस्थाले पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन, विवरण तथा कागजात र अन्य पूर्वाधारलाई अध्ययन गर्दा वित्तीय कारोबार स्वस्थ र प्रतिस्पर्धात्मक ढंगबाट संचालन गर्ने कुरामा विश्वास गर्न नसकिने भएमा।

(च) प्रबन्धपत्र र नियमावली दर्ता गर्नको लागि प्रस्तावित बैक वा वित्तीय संस्थाका सबै संस्थापक सदस्यको नामबाट निवेदन नपरेको भएमा।

(छ) प्रबन्धपत्र र नियमावलीमा प्रस्तावित बैंक वा वित्तीय संस्थाका सबै संस्थापकहरुले आफ्नो नाम, ठेगाना समेत खुलाई कुनै एकजना साक्षीको रोहबरमा सहीछाप गरी सो साक्षीको नाम, ठेगाना समेत नखुलाएको भएमा।

(ज) प्रस्तावित बैंक वा वित्तीय संस्थाको प्रत्येक संस्थापकले सो बैंक वा वित्तीय संस्थाको कम्तीमा एक कित्ता शेयर लिन मञ्जुर नगरेको भएमा।

(झ) प्रस्तावित बैंक वा वित्तीय संस्थाको प्रत्येक संस्थापकले प्रबन्धपत्रमा सही गर्दा आफुले लिने शेयर संख्या समेत स्पष्ट रुपमा नखुलाएको भएमा।

(ञ) दफा ४ बमोजिम दाखिला गर्नु पर्ने दस्तुर र कागजात दाखिला नभएमा।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) राष्ट्र बैंकले तोकेका शर्त पुरा नगरेमा ।

(२) उपदफा (१) मा उल्लिखित कुनै अवस्था परी प्रस्तावित बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली दर्ता गर्न इन्कार गरेकोमा राष्ट्र बैंकले निवेदकलाई सो कुराको जानकारी दिनेछ ।

६. विवरणपत्र : (१) बैंक वा वित्तीय संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अगावै धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम धितोपत्र बोर्डबाट विवरणपत्र दर्ता गर्ने सम्बन्धमा स्वीकृति प्राप्त गरी त्यस्तो विवरणपत्र राष्ट्र बैंक समक्ष दर्ता गराउनु पर्नेछ । यसरी विवरणपत्र दर्ता नगराएसम्म सो बैंक वा वित्तीय संस्थाले वा त्यस्तो बैंक वा वित्तीय संस्थाको तर्फबाट कसैले पनि त्यस्तो बैंक वा वित्तीय संस्थाको विवरणपत्र प्रकाशन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम विवरणपत्र प्रकाशन गर्दा पूरा गर्नुपर्ने प्रक्रिया र विवरणपत्रमा खुलाउनु पर्ने कुराहरु धितोपत्र सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) बैंक वा वित्तीय संस्थाले विवरणपत्र दर्ता गर्ने प्रयोजनको लागि धितोपत्र बोर्डको स्वीकृतिका निमित्त धितोपत्र सम्बन्धी प्रचलित कानूनका अधीनमा रही धितोपत्र बोर्ड समक्ष लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(४) धितोपत्र बोर्डले विवरणपत्र दर्ता गर्ने सम्बन्धमा स्वीकृति प्रदान गरेको जानकारी लिखित रुपमा प्राप्त नगरेसम्म राष्ट्र बैंकले विवरणपत्र दर्ता गर्ने छैन ।

(५) विवरणपत्र कुनै पनि व्यक्तिले हेर्न चाहेमा बैंक वा वित्तीय संस्थाले कुनै शुल्क वा महशुल नलिई हेर्न दिनु पर्नेछ ।

७. शेयरको बाँडफाँड : (१) बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल जारी पुँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्याउनु पर्नेछ । यसरी छुट्याइएको शेयर मध्ये पाँच प्रतिशतसम्म शेयर बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्मचारीको लागि छुट्याउन सक्नेछ ।

तर बिदेशी बैंक वा वित्तीय संस्थाको संयुक्त लगानीमा संस्थापना भएका बैंक वा वित्तीय संस्थाको हकमा राष्ट्र बैंकले समय समयमा तोकेको प्रतिशतको शेयर सर्वसाधारणलाई बिक्री


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वितरण गर्नु पर्नेछ ।

(२) बैंक वा वित्तीय संस्थाको शेयर खरिदको लागि सर्वसाधारणबाट दरखास्त आव्हान गर्दा शेयरको अंकित मूल्यको शतप्रतिशत रकम दरखास्त साथ माग गर्नु पर्नेछ ।

८. धितोपत्र कारोबार : (१) बैंक तथा वित्तीय संस्थाले आफ्नो धितोपत्र सर्वसाधारणलाई निष्काशन गर्दा त्यस्तो धितोपत्रको बिक्री, बाँडफाँड, रकम असुलउपर जस्ता सबै कार्य धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(२) बैंक तथा वित्तीय संस्थाले कुनै धितोपत्र व्यवसायी संस्था मार्फत धितोपत्र कारोबार गर्ने सम्बन्धमा गरेको सम्झौताको एक प्रति त्यस्तो सम्झौता भएको मितिले सात दिनभित्र राष्ट्र बैंक र धितोपत्र बोर्डमा दिनु पर्नेछ ।

९. शेयर तथा डिबेन्चर बिक्री गर्न वा धितोबन्धक राख्न नसकिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंक वा वित्तीय संस्थाका संस्थापकले वित्तीय कारोबार संचालन गरेको कम्तीमा पाँच वर्षसम्म आफ्नो नाममा रहेको शेयर बिक्री गर्न वा धितोबन्धक राख्न पाउने छैन ।

तर बैंक वा वित्तीय संस्थाको संचालनमा कुनै वाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृर्जना हुन गएमा राष्ट्र बैंकले संस्थापक संस्थापक बीच शेयर बिक्री गर्ने स्वीकृति प्रदान गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिनेछैन ।

(२) बैंक वा वित्तीय संस्थाका संस्थापकले बैंक वा वित्तीय संस्थाले कारोबार संचालन गरेको मितिले पाँच वर्ष पछि आफ्नो नाममा रहेको शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहेमा राष्ट्र बैंकले तोकेको शर्तको अधीनमा रही त्यस्तो शेयर बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ ।

१०. बैंक तथा वित्तीय संस्थाले आफ्नो शेयर आफैले खरिद गर्न नहुने :(१) बैंक तथा वित्तीय संस्थाले आफ्नो शेयर आफै खरिद (बाइ ब्याक) गर्न वा जमानतमा राखी ऋण दिन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा राष्ट्र बैंकको स्वीकृति लिई सोही बैंकले तोकेको प्रतिशतमा नबढ्ने गरी लाभांशको रुपमा वितरण हुन सक्ने संचित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुनाफाको रकमबाट बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफै खरिद गर्न सक्नेछ :-

(क) बैंक वा वित्तीय संस्थाले जारी गरेको शेयरको सम्पूर्ण रकम भुक्तानी भैसकेको भए,

(ख) बैंक वा वित्तीय संस्थाले जारी गरेको शेयर धितोपत्र बोर्डमा दर्ता भई सकेको भए,

(ग) आफ्नो शेयर आफै खरिद गर्न सक्ने व्यवस्था सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमावलीमा भएको भए,

(घ) आफ्नो शेयर आफै खरिद गर्न सक्ने गरी सम्बन्धित बैंक वा वित्तीय संस्थाको साधारण सभामा विशेष प्रस्ताव पारित भएको भए,

(ङ) बैंक वा वित्तीय संस्थाले चुक्ता गर्नु पर्ने ऋण रकम बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफै खरिद गरी सकेपछि पुँजी तथा साधारण जगेडा कोषको रकमको अनुपातमा दोब्बर भन्दा बढी नहुने भए,

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि "ऋण रकम" भन्नाले बैंक वा वित्तीय संस्थाले कर्जा लिएको सुरक्षित तथा असुरक्षित सम्पूर्ण ऋण रकम सम्झनु पर्छ ।

(च) बैंक वा वित्तीय संस्थाले खरिद गर्ने आफ्नो शेयरको रकम कम्पनीको कुल चुक्ता पुँजी तथा साधारण जगेडा कोषको रकमको बीस प्रतिशत भन्दा बढी नहुने भए,

(छ) आफ्नो शेयर आफै खरिद गर्ने सम्बन्धमा राष्ट्र बैंकले समय समयमा जारी गरेको निर्देशन प्रतिकूल नहुने भए ।

(३) उपदफा (२) को प्रयोजनका लागि कुनै बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकको स्वीकृति लिन देहायको विवरण खुलाई निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदन पर्न आएमा प्राप्त विवरणको आधारमा त्यस्तो बैंक वा वित्तीय संस्थालाई आफ्नो शेयर आफै खरिद गर्न स्वीकृति दिन उपयुक्त हुने देखेमा राष्ट्र बैंकले सोको स्वीकृति दिन सक्नेछ :-

(क) आफ्नो शेयर आफै खरिद गर्नु पर्ने कारण र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६०

आवश्यकता,

(ख) आफ्नो शेयर आफै खरिद गरेको कारणबाट बैंक वा वित्तीय संस्थाको आर्थिक स्थितिमा पर्न सक्ने सम्भावित प्रभाव मूल्यांकनको विवरण,

(ग) खरिद गर्न प्रस्ताव गरिएको शेयरको किसिम र सोको संख्या,

(घ) खण्ड (ग) बमोजिमको शेयर खरिद गर्न लाग्ने अधिकतम वा न्यूनतम रकम र सोको स्रोत,

(ङ) आफ्नो शेयर आफै खरिद गर्न सक्ने समयावधि,

(च) शेयर खरिद गर्ने तरिका,

(छ) आफ्नो शेयर आफै खरिद गर्ने सम्बन्धमा राष्ट्र बैंकले तोकेको तथा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने अन्य आवश्यक कुराहरु ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएपछि त्यस्तो स्वीकृति प्राप्त गरेको छ महिना वा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरेको बाह्र महिना मध्ये जुन पछिल्लो हुन्छ सो अवधिभित्र सम्बन्धित बैंक वा वित्तीय संस्थाले देहायको कुनै उपायबाट आफ्नो शेयर आफै खरिद गर्न सक्नेछ :-

(क) धितोपत्र बजार मार्फत खरिद गरेर,

(ख) यस अध्यादेश बमोजिम बैंक वा वित्तीय संस्थाका कर्मचारीलाई छुट्याइएको शेयर सम्बन्धित कर्मचारीबाट खरिद गरेर,

(ग) तत्काल कायम रहेका शेयरधनीबाट समानुपातिक रुपमा खरिद गरेर ।

(५) उपदफा (४) बमोजिम बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफै खरिद गरेकोमा त्यस्तो शेयर खरिद गरेको मितिले तीस दिनभित्र आफूले खरिद गरेको शेयर संख्या, सो वापत भुक्तानी रकम र अन्य आवश्यक विवरणहरुको जानकारी राष्ट्र बैंकलाई गराउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम आफ्नो शेयर आफै खरिद गरेको अंकित मूल्य बराबरको रकमबाट छुट्टै पुँजी फिर्ता जगेडा कोष खडा गरी सो कोषमा दाखिला गर्नु पर्नेछ र सो कोषको रकमलाई चुक्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुँजी सरह कायम राख्नु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफै खरिद गरेकोमा आफूले खरिद गरे जति शेयर त्यसरी खरिद गरेको मितिले एकसय बीस दिनभित्र रद्द गरी सक्नु पर्नेछ ।

(८) बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफैं खरिद गर्न नसक्ने अवस्थाहरु तथा आफ्नो शेयर आफै खरिद गर्ने सम्बन्धी अन्य कुराहरु राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

११. धितोपत्र कारोबार गर्नमा बन्देज : (१) बैंक वा वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवार वा आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न गराउन, गर्नदिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

तर नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिबन्ध लागू हुने छैन ।

(२) कसैले उपदफा (१) को विपरीत कुनै काम गरेमा त्यस्तो धितोपत्र सम्बन्धित बैंक वा वित्तीय संस्थाले जफत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम जफत भएको धितोपत्र समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री वितरण गर्न सक्नेछ ।

## परिच्छेद-३

## बैंक वा वित्तीय संस्थाको संचालक समिति र कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

१२. संचालक समितिको गठन : (१) बैंक तथा वित्तीय संस्थामा एउटा संचालक समिति रहनेछ । सो समितिमा कम्तीमा पाँच जना र बढीमा नौजना संचालक रहने छन् ।

(२) उपदफा (१) को अधीनमा रही समितिमा राष्ट्र बैंकले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६२

दफा १३ बमोजिम कायम गरेको व्यावसायिक विशेषज्ञहरुको सूचीबाट एकजना व्यावसायिक संचालक नियुक्त गर्नु पर्नेछ । यसरी नियुक्त हुने संचालकले सम्बन्धित बैंक वा वित्तीय संस्थाको शेयर लिएको हुन आवश्यक हुनेछैन ।

(३) संचालकले आफू मध्ये बहुमतबाट छानेको कुनै एकजना संचालक समितिको अध्यक्ष हुनेछ ।

१३. व्यावसायिक विशेषज्ञहरुको सूची कायम गर्ने : (१) राष्ट्र बैंकले दफा १२ को उपदफा (२) को प्रयोजनको निमित्त देहायको योग्यता तथा अनुभवको आधारमा व्यावसायिक विशेषज्ञहरुको सूची कायम गर्नेछ :-

(क) इजाजतपत्रप्राप्त संस्थाको व्यावसायिक संचालकले कुनै विषयमा स्नातकोपाधि वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरी सोही क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्यानुभव भएको ।

(ख) दफा १८ बमोजिमको अयोग्यता नभएको ।

(२) उपदफा (१) बमोजिम कायम गरेको व्यावसायिक विशेषज्ञहरुको सूची प्रत्येक वर्ष अद्यावधिक गरी राष्ट्र बैंकले सार्वजनिक जानकारीको लागि राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशन गर्नेछ ।

१४. समितिको काम, कर्तव्य र अधिकार : (१) शेयरधनीको साधारण सभाबाट हुने काम बाहेक यस अध्यादेश, प्रचलित कानून तथा प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंक तथा वित्तीय संस्थाले गर्नुपर्ने सबै काम र प्रयोग गर्ने सम्पूर्ण अधिकार समितिमा निहित रहनेछ ।

(२) उपदफा (१) बमोजिम आफूले गर्नुपर्ने काम सुव्यवस्थित रुपले संचालन गर्न समितिले आवश्यक विनियम बनाउन सक्नेछ ।

(३) प्रबन्धपत्र र नियमावलीमा अन्यथा भएकोमा बाहेक समितिले आफूमध्येका कुनै संचालकलाई वा बैंक वा वित्तीय संस्थाको कुनै पदाधिकारीलाई एक्लै वा संयुक्त रुपमा बैंक वा वित्तीय संस्थाको तर्फबाट लेखापढी गर्न वा विनिमेय अधिकारपत्र वा चेक आदिमा सहीछाप गर्न समेत सबै वा केही अधिकार सुम्पी आफ्नो प्रतिनिधि खडा गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. अधिकार प्रत्यायोजन : (१) समितिले आफ्नो रेखदेख वा निर्देशनमा काम गर्ने गरी आफ्नो केही अधिकार अध्यक्ष, संचालक, दफा १६ बमोजिम गठित उपसमिति, कार्यकारी प्रमुख वा कार्यकारी प्रमुख भई काम गर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्यक्ष, संचालक, दफा १६ बमोजिम गठित उपसमिति, कार्यकारी प्रमुख वा कार्यकारी प्रमुख भई काम गर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफूले पाएको अख्तियारी आफ्नो जवाफदेहीमा आफू मातहतका कर्मचारीलाई सुम्पन सक्नेछ ।

१६. उपसमिति गठन गर्न सक्ने : (१) समितिले कुनै खास प्रयोजनको लागि आवश्यकता अनुसार एक वा एकभन्दा बढी उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यावधि र बैठकमा भाग लिए वापत पाउने पारिश्रमिक वा भत्ता समितिले तोकेबमोजिम हुनेछ ।

१७. संचालकको नियुक्ति : (१) बैंक वा वित्तीय संस्थाका संचालकको नियुक्ति दफा १८ तथा नियमावलीको अधीनमा रही बैंक वा वित्तीय संस्थाको साधारण सभाद्वारा हुनेछ ।

तर, -

(क) बैंक वा वित्तीय संस्थाको प्रथम वार्षिक साधारण सभा नभएसम्मको अवधिका लागि संचालकको नियुक्ति संस्थापकद्वारा गरिनेछ ।

(ख) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्ति समितिद्वारा गर्न सकिनेछ ।

(ग) संगठित संस्थाले शेयर लिएको बैंक वा वित्तीय संस्थाको हकमा सो संस्थाले लिएको शेयरको अनुपातमा हुन आउने संचालक नियुक्त गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४

(२) बैंक वा वित्तीय संस्थाको शेयर लिएको संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले आफूले लिएको शेयरको अनुपातमा संचालक नियुक्त गर्दा संचालकको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियुक्त गर्न सक्नेछ ।

(३) दफा १२ को उपदफा (२) बमोजिमको व्यावसायिक विशेषज्ञ संचालकको नियुक्ति संचालक समितिबाट हुनेछ ।

१८. संचालकको अयोग्यता : (१) देहायको कुनै व्यक्ति संचालकको पदमा निर्वाचित वा मनोनित हुन वा कायम रहन अयोग्य मानिनेछः-

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(घ) बैंक वा वित्तीय संस्था संगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) कुनै बैंक, वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी व्यवसाय संचालन गर्ने वित्तीय संस्थाको संचालक वा त्यस्ता संस्थामा कार्यरत कर्मचारी वा अन्य बैंक वा वित्तीय संस्थाको बहालवाला लेखापरीक्षक वा सल्लाहकार,

(च) सम्बन्धित बैंक वा वित्तीय संस्थासंग कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार रहेको,

(छ) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्न धितोपत्र बजारको सदस्यता प्राप्त गरेको,

(ज) बैंक वा वित्तीय संस्थाको नियमावली बमोजिम संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर नलिएको,

(झ) श्री ५ को सरकार, राष्ट्र बैंक वा बैंक वा वित्तीय संस्थाको बहालवाला कर्मचारी,

तर, श्री ५ को सरकारले शेयर खरिद गरेको बैंक वा वित्तीय संस्थामा वा कुनै बैंक वा वित्तीय संस्थाले शेयर खरिद गरेको अर्को बैंक वा वित्तीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

संस्थामा संचालक मनोनीत भएकोमा यो व्यवस्था लागू हुने छैन ।

(ञ) राष्ट्र बैंकको गभर्नर, डेपुटी गभर्नर र विशिष्ट श्रेणीका कर्मचारीको पदमा बहाल रही सेवाबाट हटेको वा अवकास प्राप्त गरेको व्यक्ति भएमा सेवाबाट हटेको वा अवकाश प्राप्त गरेको मितिले कम्तीमा एक वर्ष पूरा नभएको,

(ट) प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(ठ) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाँय पाई त्यस्तो सजाँय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,

(ड) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको,

(ढ) राष्ट्र बैंकको निर्देशन पालना नगरेको कारणबाट राष्ट्र बैंकले कारबाही गरेको वा राष्ट्र बैंकले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई निलम्बन वा विघटनमा परेको मितिले पाँच वर्ष नपुगेको ।

(२) देहायको अवस्थामा कुनै व्यक्ति संचालकको पदमा बहाल रहने छैन :-

(क) उपदफा (१) मा लेखिए बमोजिम संचालकको पदमा नियुक्त हुन अयोग्य भएमा,

(ख) साधारण सभाले संचालकको पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

(ग) संचालकले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) बैंक वा वित्तीय संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस अध्यादेश बमोजिम संचालकले गर्न नहुने भनी तोकिएको कुनै काम गरेमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. संचालकको योग्यता : संचालकको पदमा नियुक्त हुन देहायको योग्यता पुगेको हुनुपर्नेछ :-

(क) दफा १८ बमोजिम अयोग्य नभएको,

(ख) कुनै विषयमा स्नातकोपाधि हासिल गरेको वा कुनै सरकारी वा बैंकिङ्ग वा वित्तीय क्षेत्र वा संगठित क्षेत्रसंग सम्बन्धित कुनै निकायमा कम्तिमा पाँचवर्षको अनुभव प्राप्त गरेको ।

तर,

(१) सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचन हुने संचालकको हकमा उल्लिखित योग्यता आवश्यक पर्ने छैन ।

(२) 'घ' वर्गका इजाजतपत्रप्राप्त संस्थाका संचालकको योग्यता राष्ट्र बैंकले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

२०. संचालकको पदावधि: (१) बैंक तथा वित्तीय संस्थाका संचालकको पदावधि नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ ।

तर, -

(१) दफा १७ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) र (ख) वमोजिम नियुक्त भएको संचालक वार्षिक साधारण सभा नभएसम्म मात्र आफ्नो पदमा बहाल रहनेछ ।

(२) कुनै संचालकको पद बीचमा रिक्त भई सो पदमा नियुक्त भएको संचालकको कार्यावधि सो संचालक जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बाँकी पदावधिसम्मको लागि मात्र हुनेछ ।

(२) पदावधि समाप्त भई संचालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति संचालकको पदमा पुनः नियुक्त हुन सक्नेछ ।

२१. संचालकको पारिश्रमिक तथा सुविधा : (१) संचालकले बैठकमा उपस्थित भए वापत पाउने बैठक भत्ता, पारिश्रमिक र बैंक वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वित्तीय संस्थाको काम गर्दाको पारिश्रमिक तथा अन्य सुविधा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

(२) संचालकले उपदफा (१) मा लेखिएबाहेक कुनै सुविधा लिएको भएमा यस अध्यादेश बमोजिम कसुर गरेको मानी त्यस्तो सुविधा वापत लिएको रकम निजबाट असुल उपर गरी लिनुपर्नेछ ।

२२. संचालकले जानकारी गराउनु पर्नेः (१) संचालकले आफू संचालकको रुपमा वहाल गरेको सात दिनभित्रमा देहायका कुराको लिखित जानकारी बैंक वा वित्तीय संस्थालाई गराउनु पर्नेछ :-

(क) सम्बन्धित बैंक वा वित्तीय संस्थासंग निज वा निजको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सोको विवरण,

(ख) कार्यकारी प्रमुख, प्रबन्ध संचालक, सचिव, लेखापरीक्षक तथा महाप्रबन्धकको नियुक्तिको सम्बन्धमा त्यस्तो नियुक्तिमा कुनै प्रकारको स्वार्थ वा सरोकार भए सोको विवरण,

(ग) निज वा निजको परिवारले सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यसको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिवेन्चरको संख्याको विवरण,

(घ) निज कुनै कम्पनीको संचालक भए सोको विवरण,

(ङ) निजको परिवारको कुनै सदस्य सम्बन्धित बैंक वा वित्तीय संस्थामा पदाधिकारीको हैसियतमा काम गरिरहको भए सोको विवरण,

(च) संचालकले समितिलाई जानकारी गराउनु पर्ने भनी राष्ट्र बैंकले तोकिदिएको अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउंदा संचालक वा निजको परिवारको सदस्यको बीचमा कुनै लिखित सम्झौता भएकोमा त्यस्तो सम्झौता र सम्झौता नभएमा कारोबार वा वित्तीय स्वार्थ वा संलग्नता संग सम्बन्धित मुख्य र आवश्यक कुरा खुलाइएको हुनु पर्नेछ ।

(३) संचालकले उपदफा (१) बमोजिम दिएको जानकारी सात दिनभित्र राष्ट्र बैंकमा दिनु पर्नेछ र राष्ट्र बैंकले त्यस्तो जानकारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको,

(ग) कुल निष्कृय कर्जा (नन्परफरमिङ्ग लोन) राष्ट्र बैंकले तोकेको सीमा भित्र रहेको,

(घ) राष्ट्र बैंकले तोकेका सबै शर्तहरु पूरा गरेको ।

(२) उपदफा (१) बमोजिमको स्वीकृति प्राप्त भएमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले माथिल्लो वर्गको वित्तीय कारोबार गर्न आफ्नो प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्नु पर्ने रहेछ भने प्रचलित कानून बमोजिम संशोधन गरी माथिल्लो वर्गको इजाजतपत्र प्राप्त गर्न यस अध्यादेश बमोजिम राष्ट्र बैंक समक्ष निवेदन गर्नु पर्नेछ ।

३७. <u>माथिल्लो वर्गको इजाजतपत्र प्राप्त संस्था तल्लो वर्गको इजाजतपत्र प्राप्त संस्थामा परिणत हुने</u> : (१) देहायको कुनै अवस्था पूरा नगर्ने "क" वर्गको इजाजतपत्र प्राप्त संस्था "ख" वर्गमा र "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था "ग" वर्गमा परिणत हुने गरी राष्ट्र बैंकले निर्णय गर्न सक्नेछ :-

(क) राष्ट्र बैंकले तोकेको अवधिभित्र तोकेबमोजिमको पुँजी नपुऱ्याएको,

(ख) विगत पाँच वर्षदेखि लगातार नोक्सानीमा रहेको,

(ग) राष्ट्र बैंकले दिएको निर्देशन पटकपटक उल्लंघन गरी कारबाहीमा परेको,

(घ) राष्ट्र बैंकले तोकेबमोजिम जोखिम व्यहोर्ने कोष कायम गर्न नसकेको ।

(२) उपदफा (१) बमोजिम कुनै बैंक वा वित्तीय संस्थालाई कारबाही गर्नु भन्दा अगाडी राष्ट्र बैंकले त्यस्तो बैंक वा वित्तीय संस्थालाई त्यस्तो कारबाहीको विरुद्ध सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

(३) माथिल्लो वर्गको इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले तल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुन चाही स्वीकृतिका लागि राष्ट्र बैंकमा निवेदन दिएमा राष्ट्र बैंकले आवश्यक जाँचबुझ गरी स्वीकृति प्रदान गरेमा त्यस्तो बैंक वा वित्तीय संस्था तल्लो वर्गको इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थामा परिणत हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कार्यकारी प्रमुख बैंक वा वित्तीय संस्थाको प्रमुख प्रशासक हुनेछ ।

(४) कार्यकारी प्रमुखको पदावधि बढीमा चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(५) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त समितिले तोकेबमोजिम हुनेछ ।

२७. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार : (१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय लागू गर्ने र यस अध्यादेश, प्रवन्धपत्र र नियमावलीको अधीनमा रही बैंक वा वित्तीय संस्थाको काम कारवाही तथा कारोबारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) बैंक वा वित्तीय संस्थाको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) बैंक वा वित्तीय संस्थाको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) समिति र साधारण सभाद्वारा गरिएका निर्णय र राष्ट्र बैंकद्वारा निर्देशित कुराहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) यो अध्यादेश, प्रवन्धपत्र र नियमावलीको अधीनमा रही बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) बैंक वा वित्तीय संस्था सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त समितिप्रति उत्तरदायी हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

## परिच्छेद-४

## इजाजतपत्र सम्बन्धी व्यवस्था

२८. बैंक वा वित्तीय संस्था बाहेक अन्य कसैले वित्तीय कारोबार गर्न नपाउने : (१) यस अध्यादेश बमोजिम संस्थापित बैंक वा वित्तीय संस्था बाहेक अन्य कसैले पनि यस अध्यादेश बमोजिमको वित्तीय कारोबार गर्न पाउने छैन ।

तर, प्रचलित कानून बमोजिम स्थापना भई नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम राष्ट्र बैंकबाट निक्षेप लिन वा कर्जा दिन स्वीकृति पाएका बैंक वा वित्तीय संस्था बाहेकका संगठित संस्थाले त्यस्तो कारोबार गर्न बाधा पुगेको मानिने छैन ।

(२) कसैले पनि राष्ट्र बैंकको स्वीकृति नलिई वित्तीय कारोबार गर्ने प्रयोजनको लागि बैंक वा वित्तीय संस्थाको नाम प्रयोग गर्न हुँदैन ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो अध्यादेश प्रारम्भ भएका बखत प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरेको कुनै बैंक वा वित्तीय संस्थाले त्यस्तो कारोबार गर्न स्वीकृति प्राप्त गर्दाका बखत कायम रहेको नाम प्रयोग गरी वित्तीय कारोबार गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त बैंक वा वित्तीय संस्थाले वित्तीय कारोबार गर्दा पालना गर्नुपर्ने शर्तहरु राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

२९. वित्तीय कारोबार गर्ने इजाजतपत्रको लागि निवेदन दिनुपर्ने : (१) यस अध्यादेश बमोजिम वित्तीय कारोबार गर्न चाहने बैंक वा वित्तीय संस्थाले इजाजतपत्रको लागि राष्ट्र बैंकले तोकिदिएको ढाँचामा राष्ट्र बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने निवेदनका साथमा बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकले इजाजतपत्रका लागि तोकिदिएको दस्तुर र देहायको विवरण तथा कागजात समेत संलग्न गरेको हुनु पर्नेछ :-

(क) बैंक वा वित्तीय संस्थाको प्रवन्धपत्र, नियमावली तथा बैंक वा वित्तीय संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
262

(ख) बैंक वा वित्तीय संस्थाले वित्तीय कारोबार संचालन गर्न आवश्यक सबै पूर्वाधार तयार भएको कार्यालय भवनको विवरण वा भवन भाडामा लिने भए बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि र भाडामा लिने भवनको विवरण,

(ग) बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुख तथा अन्य कार्यकारी तहका पदाधिकारीको व्यक्तिगत विवरण र बैंक वा वित्तीय संस्थाको संगठनात्मक संरचना,

(घ) बैंक वा वित्तीय संस्थाको कर्मचारी सेवा शर्त र सुविधा सम्वन्धी विनियम,

(ङ) बैंक वा वित्तीय संस्थाको कर्जा नीति,

(च) बैंक वा वित्तीय संस्थाको आर्थिक प्रशासन सम्वन्धी विनियम,

(छ) कर्जा अपलेखन सम्बन्धी विनियम,

(ज) बैंक वा वित्तीय संस्थाको संस्थापकले लिन कबूल गरेको शेयरको रकम चुक्ता भई राष्ट्र बैंकमा जम्मा गरेको प्रमाणित हुने कागजात,

(झ) राष्ट्र बैंकले समय समयमा तोकिदिएको अन्य विवरण तथा कागजातहरु ।

(३) वित्तीय कारोबार गर्ने इजाजतपत्र लिनका लागि राष्ट्र बैंक समक्ष निवेदन दिने बैंक वा वित्तीय संस्थाले देहायका कुरा समेत निवेदनसाथ उल्लेख गर्नु पर्नेछ :-

(क) वित्तीय कारोबार संचालन गरुन्जेल राष्ट्र बैंकले समय समयमा तोकिदिए बमोजिमको न्यूनतम पुँजी कायम राख्ने कुरा,

(ख) राष्ट्र बैंक सन्तुष्ट हुने गरी बैंक वा वित्तीय संस्था संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी सेवा तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार रहेको कुरा,

(ग) बैंक वा वित्तीय संस्थाले वित्तीय कारोबार संचालन गर्नका लागि प्रस्ताव गरेको विनियम तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारोबार संचालन सम्बन्धी व्यवस्थाबाट वित्तीय कारोबार नियमित रुपमा संचालन भई निक्षेपकर्ताको हक हित संरक्षण हुने कुरा,

(घ) वित्तीय कारोबार गर्नका लागि राष्ट्र बैंकले तोकेका शर्तहरु पालना गर्ने कुराको मंजुरी ।

३०. वित्तीय कारोबार गर्न इजाजतपत्र दिने : (१) दफा २९ बमोजिम निवेदन प्राप्त भएमा बैंक वा वित्तीय संस्था संचालन गर्न आवश्यक भौतिक पूर्वाधारका अतिरिक्त देहायका कुरामा आवश्यक जाँचबुझ गरी राष्ट्र बैंक सन्तुष्ट भएमा राष्ट्र बैंकले त्यस्तो बैंक वा वित्तीय संस्थालाई दफा ३१ बमोजिमको वर्गीकरणको आधारमा कारोबार संचालन गर्न कुनै एक वर्गको इजाजतपत्र दिन सक्नेछ :

(क) वित्तीय कारोबार गर्न इजाजतपत्र दिंदा स्वस्थ प्रतिस्पर्धात्मक र वित्तीय मध्यस्थता सम्बन्धी कारोबार प्रभावकारी भई निक्षेपकर्ताको हित हुन्छ भन्ने लागेमा,

(ख) यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम, विनियम वा सो अन्तर्गत जारी भएका आदेश वा निर्देशन तथा प्रबन्धपत्र र नियमावलीका अधीनमा रही वित्तीय कारोबार संचालन गर्न सक्षम छ भन्ने लागेमा,

(ग) दफा २९ को उपदफा (२) बमोजिम इजाजतपत्रको लागि दिएको निवेदन साथ संलग्न विवरण तथा कागजात अनुसार बैंक वा वित्तीय संस्था वित्तीय कारोबार गर्न सक्षम छ भनी विश्वास गर्ने पर्याप्त आधार भएमा ।

(२) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६० प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम संस्थापित भई संचालनमा रहेका वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, विकास बैंक तथा वित्त कम्पनीले सो अध्यादेश प्रारम्भ भएको मितिले दुई वर्षभित्र यस अध्यादेश बमोजिम बैंक वा वित्तीय संस्था आवश्यकता अनुसार संस्थापना गरी वा आफ्नो प्रबन्धपत्र, नियमावली लगायतका कागजातमा आवश्यक संशोधन गरी वित्तीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

268

कारोबार संचालन गर्ने इजाजतपत्र प्राप्त गर्नको लागि राष्ट्र बैंक समक्ष निवेदन दिइसक्नु पर्नेछ । सो अवधिभित्र त्यस्तो वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, विकास बैंक तथा वित्त कम्पनीले यस अध्यादेश बमोजिम बैंक वा वित्तीय संस्था संचालन गरी वित्तीय कारोबार गर्न कुनै बाधा पुगेको मानिने छैन ।

(३) उपदफा (२) बमोजिमको अवधि भित्र कुनै वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, विकास बैंक वा वित्त कम्पनीले यस अध्यादेश बमोजिम बैंक वा वित्तीय संस्था आवश्यकता अनुसार संस्थापना गरी वा आफ्नो प्रबन्धपत्र, नियमावली लगायतका कागजातमा आवश्यक संशोधन गरी वित्तीय कारोबार संचालन गर्ने इजाजतपत्रको लागि राष्ट्र बैंक समक्ष निवेदन नदिएमा सो अवधि समाप्त भएपछि त्यस्ता संस्थाले वित्तीय कारोबार गर्न पाउने छैन ।

(४) उपदफा (३) उल्लंघन गर्ने बैंक वा वित्तीय संस्थाले यस अध्यादेश बमोजिम कसुर गरेको मानिनेछ ।

३१. इजाजतपत्र प्राप्त संस्थाको वर्गीकरण: (१) दफा ४७ बमोजिम वित्तीय कारोबार गर्न दफा ३० बमोजिम दिने इजाजतपत्रको लागि आवश्यक हुने न्यूनतम चुक्ता पुँजीको आधारमा राष्ट्र बैंकले इजाजत प्राप्त संस्थाहरुलाई "क", "ख", "ग", र "घ" वर्गमा वर्गीकरण गरी सोही बमोजिमको इजाजतपत्र सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गरिएका इजाजतपत्रप्राप्त संस्थाको न्यूनतम चुक्ता पुँजी राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

३२. वित्तीय कारोबार संचालन गर्न इजाजतपत्र दिन इन्कार गर्न सकिने : (१) दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्र बैंकले देहायको कुनै अवस्थामा बैंक वा वित्तीय संस्थालाई वित्तीय कारोबार संचालन गर्न इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ :-

(क) बैंक वा वित्तीय क्षेत्रको विद्यमान अवस्था र सम्भाव्यताको आधारमा वित्तीय कारोबार संचालन गर्न थप बैंक वा वित्तीय संस्थालाई इजाजतपत्र दिन उपयुक्त नदेखिएमा,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) को अवस्था हेरी निक्षेपकर्ताको हित संरक्षणको निमित्त वित्तीय कारोबार संचालन गर्न इजाजतपत्र दिन उचित र उपयुक्त नदेखिएमा,

(ग) दफा २९ र ३० का विवरण वा कुराहरु पूरा भएको नदेखिएमा ।

(२) उपदफा (१) बमोजिम कुनै बैंक वा वित्तीय संस्थालाई वित्तीय कारोबार संचालन गर्ने इजाजतपत्र दिन नसकिने अवस्था भएमा राष्ट्र बैंकले सोको कारण खुलाई निवेदन परेको मितिले एक सय बीस दिन भित्र सम्बन्धित बैंक वा वित्तीय संस्थालाई सूचना दिनु पर्नेछ । सो अवधि भित्र राष्ट्र बैंकले थप विवरण माग गरेको भए त्यस्तो विवरण प्राप्त भएको मितिले नब्बे दिन भित्र त्यस्तो सूचना दिनु पर्नेछ ।

३३. राष्ट्र बैंकले शर्त तोक्न सक्ने : (१) दफा ३० बमोजिम वित्तीय कारोबार गर्ने इजाजतपत्र प्रदान गर्दा विद्यमान बैंक तथा वित्तीय संस्थाको अवस्था, वित्तीय कारोबारको स्वस्थ संचालन तथा निक्षेपकर्ताको हितलाई ध्यानमा राखी राष्ट्र बैंकले आवश्यक शर्त तोक्न सक्नेछ । यस्तो शर्तको पालना गर्नु सम्बन्धित बैंक तथा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शर्तमा राष्ट्र बैंकले आवश्यकता अनुसार बैंक तथा वित्तीय संस्थाको अवस्था, वित्तीय कारोबारको स्वस्थ संचालन तथा निक्षेपकर्ताको हितलाई ध्यानमा राखी थपघट तथा हेरफेर गर्न सक्नेछ ।

३४. विदेशी बैंक वा वित्तीय संस्थाले कार्यालय खोल्ने सम्बन्धी विशेष व्यवस्था : (१) कुनै विदेशी बैंक वा वित्तीय संस्थाले नेपाल अधिराज्य भित्र आफ्नो कार्यालय खोल्न चाहेमा राष्ट्र बैंकले तोकिदिएको विवरण र दस्तुर सहित राष्ट्र बैंकमा निवेदन दिनु पर्नेछ।

(२) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा राष्ट्र बैंकले बैंकिङ्ग क्षेत्रमा विद्यमान प्रतिस्पर्धा, विदेशी बैंक वा वित्तीय संस्थाले नेपाल अधिराज्यका बैंकिङ्ग विकासमा पुऱ्याउन सक्ने योगदान र त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थाको ख्याति र प्रतिष्ठा समेतलाई विचार गरी त्यस्तो बैंक वा वित्तीय संस्थालाई नेपाल अधिराज्यमा आफ्नो कार्यालय स्थापना गरी वित्तीय कारोबार गर्ने



२६६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इजाजतपत्र दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र प्रदान गर्दा राष्ट्र बैंकले आवश्यकता अनुसार शर्तहरु तोक्न सक्नेछ र यसरी तोकेका शर्तहरु पालना गर्नु सम्बन्धित विदेशी बैंक वा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम इजाजतपत्रप्राप्त गरी संस्थापना हुने विदेशी बैंक वा वित्तीय संस्थालाई वित्तीय कारोबारका सम्बन्धमा यस अध्यादेशको व्यवस्था लागु हुनेछ ।

तर विदेशी बैंक वा वित्तीय संस्थाको प्रतिनिधि वा सम्पर्क कार्यालयको काम कारबाहीको हकमा राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम नेपाल अधिराज्यमा वित्तीय कारोबार गर्ने गरी आफ्नो कार्यालय खोल्न स्वीकृति पाएको विदेशी बैंक वा वित्तीय संस्थालाई नेपाल अधिराज्य भित्र संयुक्त लगानीमा अर्को बैंक वा वित्तीय संस्था खोल्ने स्वीकृति दिइने छैन ।

३५. <u>इजाजतपत्रको निलम्बन तथा खारेजी</u> : (१) इजाजतपत्र प्राप्त संस्थाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ वा यो अध्यादेश वा सो अन्तर्गत बनेको नियम वा विनियम विपरित काम गरेमा वा राष्ट्र बैंकले दिएको आदेश वा निर्देशनको पालना नगरेमा वा निक्षेपकर्ताको हितलाई ध्यानमा राखी आफूले गर्नुपर्ने काम नगरेमा राष्ट्र बैंकले निश्चित अवधि तोकी त्यस्तो इजाजतपत्र प्राप्त संस्थाले यस अध्यादेश बमोजिम वित्तीय कारोबार गर्न प्राप्त गरेको इजाजतपत्र निलम्बन गर्न वा त्यस्तो बैंक वा वित्तीय संस्थाको वा त्यसको कुनै कार्यालयको कारोबार पूर्ण वा आंशिक रुपमा रोक्का गर्न सक्नेछ ।

(२) राष्ट्र बैंकले देहायका अवस्थामा इजाजतपत्र प्राप्त संस्थाले यस अध्यादेश बमोजिम वित्तीय कारोबार संचालन गर्न प्राप्त गरेको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) इजाजतपत्र खारेजीको लागि सम्बन्धित इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले अनुरोध गरेमा,

(ख) इजाजतपत्रप्राप्त गरेको मितिले छ महिनाभित्र वित्तीय कारोबार नगरेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) लगातार एक महीना भन्दा बढी अवधिदेखि वित्तीय कारोबार गर्न बन्द गरेमा,

(घ) निक्षेपकर्ताको हक हित विपरित हुने गरी वित्तीय कारोबार संचालन गरेमा,

(ङ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ वा यो अध्यादेश वा सो अन्तर्गत बनेको नियम तथा विनियमको उल्लंघन गरेमा,

(च) राष्ट्र बैंकले तोकिदिएको शर्त उल्लंघन गरेमा,

(छ) राष्ट्र बैंकले दिएको आदेश वा निर्देशनको पालना नगरेमा,

(ज) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(झ) झुठो विवरण पेश गरी बैंक वा वित्तीय संस्थाले इजाजतपत्र प्राप्त गरेको पाइएमा,

(ञ) इजाजतपत्र प्राप्त संस्था अन्य बैंक वा वित्तीय संस्थामा गाभिएमा ।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम बैंक वा वित्तीय संस्थाले आफ्नो इजाजतपत्र खारेज गर्न राष्ट्र बैंक समक्ष रीतपूर्वक निवेदन दिएमा त्यस्तो निवेदन दिएको पैंतालिस दिन भित्र राष्ट्र बैंकले सो उपर निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निर्णयको लिखित सूचना र त्यस्तो निर्णयको आधार सम्बन्धित बैंक वा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ ।

(५) यस दफा बमोजिम इजाजतपत्र रद्द गर्ने निर्णय गरेकोमा सो को सूचना राष्ट्र बैंकले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

३६. <u>तल्लो वर्गको इजाजतपत्र प्राप्त संस्था माथिल्लो वर्गको इजाजतपत्र प्राप्त संस्थामा परिणत हुन सक्ने</u> : (१) देहायको अवस्था पूरा गरेको तल्लो वर्गको इजाजतपत्र प्राप्त संस्था राष्ट्र बैंकको स्वीकृति लिएर माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुन सक्नेछ :-

(क) माथिल्लो वर्गको इजाजतपत्र प्राप्त संस्थाका लागि राष्ट्र बैंकले तोकेको पुंजी भएको,

(ख) विगत पाँच वर्षदेखि लगातार नाफा गर्न सक्षम


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६८

३८. तरल सम्पत्ति कायम गर्नु पर्ने: निक्षेप संकलन गर्ने वा कर्जा प्रवाह गर्ने इजाजतपत्रप्राप्त संस्थाले राष्ट्र बैंकले तोकिदिए बमोजिमको तरल सम्पत्ति कायम गर्नु पर्नेछ।

३९. इजाजतपत्र प्राप्त संस्थाको सूची प्रकाशन गर्नु पर्ने : (१) राष्ट्र बैंकले आर्थिक वर्षको प्रत्येक तीन महिनामा वित्तीय कारोबार गर्दै आएका इजाजतपत्रप्राप्त संस्थाको सूची राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूची प्रकाशन गर्दा त्यस्ता संस्थाले वित्तीय कारोबार संचालन गरेको मिति तथा प्रत्येक संस्थाको चुक्ता पुँजीको विवरण समेत अलग अलग देखिने गरी प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-५

## पुँजी सम्बन्धी व्यवस्था

४०. पुँजी कायम राख्नुपर्ने : (१) इजाजतपत्रप्राप्त संस्थाको न्यूनतम अधिकृत पुँजी, जारी पुँजी तथा भुक्तानी पुँजी राष्ट्र बैंकले समय समयमा तोकेबमोजिम हुनेछ।

(२) यो अध्यादेश प्रारम्भ हुँदाका बखत कायम रहेका इजाजतपत्रप्राप्त संस्थाले यो अध्यादेश प्रारम्भ भएको मितिले पाँच वर्षभित्र उपदफा (१) बमोजिमको पुँजीगत संरचना कायम गर्नु पर्नेछ।

(३) उपदफा (२) को अवधि भित्र उपदफा (१) बमोजिमको पुँजी नपुऱ्याउने इजाजतपत्रप्राप्त संस्थाले त्यस्तो पुँजी नपुऱ्याएसम्म लाभांश घोषणा गर्न वा बाँड्न पाउने छैन।

४१. पुँजी बृद्धि गर्नुपर्ने : (१) राष्ट्र बैंकले उपयुक्त देखेमा इजाजतपत्रप्राप्त संस्थाको तत्काल कायम रहेको अधिकृत पुँजी, जारी पुँजी र भुक्तानी पुँजी बढाउन निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम राष्ट्र बैंकले निर्देशन दिएमा इजाजतपत्रप्राप्त संस्थाले आफ्नो अधिकृत पुँजी, जारी पुँजी तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त गरेपछि सो प्रयोजनको लागि खडा गरेको छुट्टै रजिष्टरमा अभिलेख गरी राख्नु पर्नेछ ।

२३. समितिको बैठक : (१) समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नु पर्नेछ ।

तर दुईवटा बैठकको बीचको फरक दुई महिना भन्दा बढी हुने छैन ।

(२) कम्तीमा एक तिहाई संचालकले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा संचालकहरुले आफूमध्ये बहुमतबाट छानेको कुनै एकजना संचालकले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठकमा उपस्थित भई मतदान गर्ने अधिकार प्राप्त कुल संचालकको संख्याको कम्तीमा एकाउन्न प्रतिशत संचालक उपस्थित नभई समितिको बैठक बस्ने छैन ।

(५) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र अध्यक्षले मत बराबर भएमा मात्र निर्णायक मत दिन सक्नेछ ।

(६) कुनै संचालकको निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बैठकमा छलफल हुँदा सो बैठकमा सो संचालकले भाग लिन पाउने छैन ।

(७) समितिको बैठकमा उपस्थित संचालकको नाम, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै किताबमा अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण संचालकले सही गरेको हुनु पर्नेछ ।

तर कुनै विषयमा छलफल गर्दा कुनै संचालकले निर्णयको विपरित वा त्यस्तो निर्णय हुने कुरा भन्दा फरक बिचार राखेमा सोही कुरा निजले अभिलेखमा उल्लेख गर्न सक्नेछ ।

२४. संचालकको जवाफदेही र दायित्व : (१) संचालकले बैंक वा वित्तीय संस्था मार्फत वा बैंक वा वित्तीय संस्थाको कामको सिलसिलामा व्यक्तिगत फाइदा लिने कुनै काम गर्न हुँदैन ।

(२) कुनै व्यक्ति संचालक नियुक्त भएपछि कार्यभार सम्हाल्नु भन्दा पहिले बैंक वा वित्तीय संस्थाको कारोबारमा वा बैंक वा वित्तीय संस्थासंग भएको सम्झौता वा संलग्नतामा निजको निजी वा वित्तीय स्वार्थ भए त्यस्तो कुरा समितिलाई जानकारी गराउनु पर्नेछ ।

४३. जोखिम व्यहोर्ने कोष : इजाजतपत्र प्राप्त संस्थाले आफ्नो कुल सम्पत्ति र वासलात बाहिरको कारोबारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी राष्ट्र बैंकले तोकिदिएबमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष राख्नु पर्नेछ ।

४४. साधारण जगेडा कोष : (१) इजाजतपत्र प्राप्त संस्थाले एक साधारण जगेडा कोष कायम राख्नु पर्नेछ । त्यस्तो जगेडा कोषमा भुक्तानी पुँजीको दोब्बर नभएसम्म प्रत्येक वर्षको खुद नाफाबाट कम्तीमा बीस प्रतिशत रकम थप्दै जानु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त संस्थाको जगेडा कोषमा जम्मा भएको रकम राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई अन्य शीर्षकमा रकमान्तर गर्न वा लगानी गर्न पाइनेछैन ।

४५. सटही समीकरण कोष : (१) विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्र पाएको इजाजतपत्र प्राप्त संस्थाले प्रत्येक आर्थिक वर्षमा भारतीय रुपैयाँ बाहेक अन्य विदेशी मुद्राको विनिमय दरमा परिवर्तन भएको कारणबाट आर्जन गरेको पुनर्मूल्याङ्कन मुनाफालाई सोही आर्थिक वर्षको अन्त्यमा नाफा-नोक्सान हिसाबमा आवश्यक हिसाब मिलान गर्नु पर्नेछ । यसरी नाफा-नोक्सान हिसाबमा हिसाब मिलान गर्दा कुनै आर्थिक वर्षमा पुनर्मूल्याङ्कन आम्दानी भएको छ भने उक्त मुनाफाको कम्तीमा पच्चीस प्रतिशत रकम सटही समीकरण कोषमा जम्मा गर्नु पर्नेछ ।

तर भारतीय रुपैयाँको विनिमय दरमा परिवर्तन भएको कारणबाट हुने पुनर्मूल्याङ्कन नाफा-नोक्सानीको हकमा राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम सटही समीकरण कोषमा जम्मा भएको रकम विदेशी मुद्राको अवमूल्यन भएको कारणबाट हुने नोक्सानी समायोजन गर्न बाहेक राष्ट्र बैंकको स्वीकृति नलिई अन्य काममा खर्च गर्न वा रकमान्तर गर्न पाइने छैन ।

४६. लाभांश बाँड्नमा बन्देज : (१) इजाजतपत्रप्राप्त संस्थाले सम्पूर्ण प्रारम्भिक खर्च, अघिल्लो वर्षसम्म हुन गएको नोक्सानी, पुँजीकोष, जोखिमव्यहोर्ने कोष र साधारण जगेडाकोषमा दफा ४४ बमोजिम छुट्याउनु पर्ने रकम पूरा नगरेसम्म र सर्वसाधारणलाई छुट्याइएको शेयर बिक्री वितरण गरी माग रकम पूर्णरुपमा चुक्ता नभएसम्म शेयरधनीहरुलाई लाभांश घोषणा गर्न वा बाँड्न पाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) इजाजतपत्रप्राप्त संस्थाले लाभांश घोषणा तथा वितरण गर्नु अगावै राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ ।

परिच्छेद-६

## वित्तीय कारोबार संचालन सम्बन्धी व्यवस्था

४७. इजाजतपत्रप्राप्त संस्थाले गर्न सक्ने वित्तीय कारोबार : (१) यो अध्यादेश, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले देहाय बमोजिमको वित्तीय कारोबार गर्न सक्नेछ :-

(क) ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ख) राष्ट्र बैंकले तोकिदिए बमोजिम कर्जा दिने,

(ग) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,

(घ) हायर पर्चेज, हाइपोथिकेशन, लिजिङ्ग, हाउसिङ्ग, तथा सेवा व्यवसायको लागि कर्जा दिने,

(ङ) राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेण्ट बैंकिङ्ग कारोबार गर्ने,

(च) अन्य इजाजतपत्रप्राप्त संस्थासंग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने,

(छ) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो वापत ग्राहकसंग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

(ज) स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,

(झ) प्रतीत-पत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२६२

ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद बिक्री गर्ने,

(ञ) राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने,

(ट) राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही क्रेडिट कार्ड, डेबिट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने,

(ठ) अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने,

(ड) आफूले पत्याएको व्यक्तिलाई अधिविकर्ष कर्जा दिने,

(ढ) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य इजाजतपत्रप्राप्त संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने,

(ण) राष्ट्र बैंकले तोकेको शर्तमा राष्ट्र बैंकको एजेण्ट भई श्री ५ को सरकारको तर्फबाट सरकारी कारोबार लगायत अन्य कारोबार गर्ने,

(त) नेपाल अधिराज्यभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन, चाँदी, शेयर, डिबेन्चर, बण्ड आदि खरिद बिक्री गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड आदिको ब्याज असुलउपर गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२८४

(थ) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सो को लाभांश, मुनाफा वा ब्याज नेपाल अधिराज्यभित्र वा विदेशमा समेत पठाउने,

(द) श्री ५ को सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद बिक्री गर्ने वा सकार गर्ने,

(ध) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

(न) राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलातबाहिरको कारोबार गर्ने,

(प) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा देशको कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोकेबमोजिमको रकमसम्म कर्जा दिने,

(फ) आफू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैंक वा कुनै अन्य इजाजतपत्रप्राप्त संस्था बीच लिनेदिने,

(ब) अन्य कुनै इजाजतपत्रप्राप्त संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने,

(भ) राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही शेयर डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र, वा अन्य वित्तीय उपकरणको माध्यमबाट पुँजी परिचालन गर्ने,

(म) आवश्यकतानुसार राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा लिनेदिने,

(य) परियोजना स्थापना, संचालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,

(र) परियोजनाको प्रवर्द्धनका लागि श्री ५ को सरकार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८५

वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने,

(ल) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसंग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,

(व) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने,

(श) समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,

(ष) आफ्नो जायजेथाको उचित प्रबन्ध वा बिक्री गर्ने,

(स) राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने ।

(२) यो अध्यादेश तथा प्रबन्धपत्र र नियमावलीको अधीनमा रही "ख" वर्गको इजाजतपत्रप्राप्त संस्थाले देहाय बमोजिमको वित्तीय कारोबार गर्न सक्नेछ :-

(क) राष्ट्र बैंकले तोकेको सिमा भित्र रही ब्याज वा विना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ख) हाइपोथिकेशन कर्जा बाहेक तोकिए बमोजिम अन्य कर्जा दिने,

(ग) प्रचलित कानून तथा राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,

(घ) हायर पर्चेज, लिजिङ्ग, हाउसिङ्ग, तथा सेवा व्यवसायको लागि कर्जा दिने,

(ङ) राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेण्ट बैंकिङ्ग कारोबार गर्ने,

(च) अन्य इजाजतपत्रप्राप्त संस्थाहरुसंग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने, दिलाउने व्यवस्था गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६

(छ) स्वदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,

(ज) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो वापत ग्राहकसंग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

(झ) विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट वा हुण्डी जारी गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद बिक्री गर्ने,

(ञ) अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने,

(ट) आफूले पत्याएको व्यक्तिलाई अधिविकर्ष कर्जा दिने,

(ठ) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने,

(ड) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य इजाजतपत्रप्राप्त संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने,

(ढ) राष्ट्र बैंकले तोकेको शर्तको अधीनमा रही प्रतीत-पत्र निष्काशन तथा स्वीकार गर्ने,

(ण) नेपाल अधिराज्यभित्र विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणको माध्यमद्वारा रकम पठाउने, शेयर वा डिबेन्चर, बण्ड आदि खरिद बिक्री गर्ने, शेयरको लाभांश र प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड आदिको ब्याज असुलउपर गर्ने,

(त) ग्राहकको निमित्त कमिशन एजेन्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

256

गरिदिने, शेयर, डिबेन्चर वा सुरक्षणको लाभांश, व्याज, मुनाफा आदि उठाइ दिने,

(थ) श्री ५ को सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्रको खरिद बिक्री गर्ने वा सकार गर्ने,

(द) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

(ध) राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलातबाहिरको कारोबार गर्ने,

(न) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा देशको कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोकेबमोजिमको रकमसम्म कर्जा दिने,

(प) आफू तथा अन्य कुनै इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी राष्ट्र बैंक वा कुनै अन्य इजाजतपत्रप्राप्त संस्था बीच लिनेदिने,

(फ) अन्य कुनै इजाजतपत्रप्राप्त संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने,

(ब) राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र, वा अन्य वित्तीय उपकरणको माध्यमबाट पुँजी परिचालन गर्ने,

(भ) आवश्यकतानुसार राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा लिनेदिने,

(म) परियोजनाको प्रवर्द्धनका लागि श्री ५ को सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने,

(य) परियोजना स्थापना, संचालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

२८८

(र) समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,

(ल) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसंग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,

(व) कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सवारी साधन, मेशिन औजार, उपकरण, घरायसी टिकाउ सामान वा त्यस्तै अन्य चल सम्पत्तिको लागि किस्ताबन्दी वा हायरपर्चेज कर्जा उपलब्ध गराउने,

(श) जग्गा विकास, आवासीय प्रयोजनका लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना संचालन गर्ने र त्यस्ता घर जग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने,

(ष) राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने ।

(३) यो अध्यादेश, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्थाले देहाय बमोजिमको वित्तीय कारोबार गर्न सक्नेछ :-

(क) राष्ट्र बैंकले तोकेको सीमाभित्र रही ब्याज वा विना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ख) हाइपोथिकेशन कर्जा बाहेक तोकिए बमोजिम कर्जा दिने,

(ग) हायर पर्चेज, लिजिङ्ग, हाउसिङ्ग, सम्बन्धी कारोबार तथा सेवा व्यवसायको लागि कर्जा दिने,

(घ) मर्चेण्ट बैंकिङ्ग कारोबार गर्ने,

(ङ) समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,

(च) अन्य इजाजतपत्रप्राप्त संस्थासंग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

285

(छ) बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,

(ज) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने,

(झ) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य इजाजतपत्रप्राप्त संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने,

(ञ) आफ्नो जायजेथाको उचित प्रबन्ध गर्ने, बिक्री गर्ने वा बहालमा दिने,

(ट) विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण जारी गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद बिक्री गर्ने,

(ठ) भारतीय रुपैयाँ खरिद तथा बिक्री गर्ने,

(ड) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा देशको कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामूहिक जमानीमा राष्ट्र बैंकले तोकेबमोजिमको रकमसम्म ऋण दिने,

(ढ) आफू तथा अन्य कुनै इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी राष्ट्र बैंक वा कुनै अन्य इजाजतपत्रप्राप्त संस्था बीच लिनेदिने ,

(ण) कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सवारी साधन, मेशिन औजार, उपकरण, घरायसी टिकाउ सामान वा त्यस्तै अन्य चल सम्पत्तिको लागि किस्ताबन्दी वा हायरपर्चेज कर्जा उपलब्ध गराउने,

(त) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आवासीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

250

घर वा गोदाम घर खरिद गर्न वा निर्माण गर्न वा त्यस्तो आवास घर वा गोदाम घर निर्माण गर्नका निमित्त जग्गा खरिद गर्न कर्जा उपलब्ध गराउने,

(थ) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सवारी साधन, मेशिन, औजार उपकरण, घरायसी टिकाउ सामान वा त्यस्तै चल सम्पत्ति भाडामा लिन कर्जा (लिजिङ्ग फाइनान्स) उपलब्ध गराउने वा त्यस्ता चल सम्पत्ति भाडामा दिने,

(द) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसंग कुनै कारोवार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,

(ध) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो वापत ग्राहकसंग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

(न) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयर, डिबेन्चर वा सुरक्षणको लाभांश, ब्याज, मुनाफा आदि उठाइ दिने,

(प) जग्गा विकास, आवासीय प्रयोजनका लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना संचालन गर्ने र त्यस्ता घर जग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने,

(फ) राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने ।

(४) राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्थाले देहाय बमोजिमको कारोबार गर्न सक्नेछ :-

(क) तोकिए बमोजिम कर्जा प्रदान गर्ने,

(ख) राष्ट्र बैंकले तोकिदिएको अवधिसम्म नियमित रुपमा बचत गरी तोकिदिएको बचत कायम राखेका समूह वा समूहका सदस्यलाई लघु व्यवसाय संचालन गर्न कुनै चल अचल सम्पत्ति सुरक्षण वा जमानत लिई वा नलिई लघुकर्जा दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) इजाजतपत्रप्राप्त संस्था वा स्वदेशी वा विदेशी सघ संस्था आदिबाट ऋण वा अनुदान प्राप्त गर्ने र त्यस्तो ऋण वा अनुदान लघुकर्जा वितरणमा वा सो कार्यलाई प्रभावकारी बनाउने काममा प्रयोग गर्ने,

तर विदेशी संघ संस्था आदिबाट ऋण वा अनुदान लिनु अघि राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ ।

(घ) लघुकर्जा उपलब्ध गराउनु अघि जुन कार्यको लागि कर्जा माग भएको हो सो सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने र त्यस्तो कार्यको सम्भाव्यता छ, छैन पहिचान गर्ने,

(ङ) न्यून आय भएका व्यक्तिको आर्थिक स्थितिमा सुधार हुने खालका लघु व्यवसाय गर्ने,

(च) लघु व्यवसायका सम्बन्धमा गोष्ठी संचालन गर्ने, परियोजना तर्जुमा गर्न प्रशिक्षण दिने, सहयोग गर्ने, प्राविधिक ज्ञान दिलाउने र आवश्यकतानुसार प्राविधिक सहयोग जुटाउने,

(छ) लघुकर्जा परिचालन सम्बन्धमा समूहलाई आवश्यक सेवा प्रदान गर्ने,

(ज) लघुकर्जा समयमा असुलउपर गर्नेतर्फ आवश्यक कारबाही गर्ने,

(झ) लघुकर्जाको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने र अनुगमन गर्दा उचित प्रयोग भएको नदेखिएमा आवश्यक निर्देशन दिने,

(ञ) राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही ब्याज वा विना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ट) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने तथा जायजेथाको उचित प्रबन्ध गर्ने,

(ठ) समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,

(ड) आफू तथा अन्य कुनै इजाजतपत्रप्राप्त संस्थावाट,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्जा वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी राष्ट्र बैंक वा कुनै अन्य इजाजतपत्रप्राप्त संस्था बीच लिनेदिने,

(ढ) राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने ।

४८. इजाजतपत्रप्राप्त संस्थाले गर्न नहुने काम : (१) इजाजतपत्रप्राप्त संस्थाले देहायका काम गर्नु गराउनु हुँदैन:-

(क) व्यापार गर्ने उद्देश्यले मालसामान खरिद बिक्री गर्न वा आफ्नो प्रयोजनको निमित्त आवश्यक परेमा बाहेक अचल सम्पत्ति खरिद गर्न,

तर "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले दफा ४७ को अधीनमा रही आफ्नो काम कारोबार संचालन गर्ने सम्बन्धमा घर जग्गाको खरिद बिक्री, वितरण तथा व्यवस्थापन गर्न यस खण्डले बाधा पुऱ्याएको मानिने छैन ।

(ख) आफ्नो शेयरको सुरक्षणमा कर्जा दिन,

(ग) संस्थापक, संचालक, एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएका व्यक्ति, कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा संचालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई कर्जा वा सुविधा प्रदान गर्न,

(घ) संस्थापक, संचालक, एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएका व्यक्ति, कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य, संचालक वा मैनेजिङ्ग एजेण्ट भएको वा संचालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको वित्तीय स्वार्थ भएको कुनै फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न,

(ङ) एउटै ग्राहक, कम्पनी, एकै समूहको कम्पनी वा साझेदारी फर्मलाई आफ्नो पुँजीकोषको राष्ट्र बैंकले तोकिदिएको प्रतिशत भन्दाबढी हुने गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252

कर्जा वा सुविधा प्रदान गर्न,

स्पष्टीकरणः "एकै समूहको कम्पनी वा साझेदारी फर्म" भन्नाले राष्ट्र बैंकले समय समयमा तोकिदिएबमोजिमका कम्पनीहरु वा साझेदारी फर्महरुको समूह सम्झनु पर्छ ।

(च) संस्थापक, संचालक वा कार्यकारी प्रमुख जमानत बसी कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा दिन,

(छ) राष्ट्र बैंकबाट "क","ख" र "ग" वर्गको वित्तीय कारोबार गर्न स्वीकृति पाएका इजाजतपत्रप्राप्त संस्थाको धितोपत्रमा लगानी गर्न,

(ज) राष्ट्र बैंकले तोकिदिएको सीमा भन्दा बढी रकम अन्य संस्थाको शेयर पुँजीमा लगानी गर्न,

(झ) इजाजतपत्रप्राप्त संस्थाहरु आपसमा मिली वित्तीय कारोबारमा कुनै किसिमको एकाधिकार वा अन्य कुनै किसिमको नियन्त्रित अभ्यास कायम गर्न,

(ञ) आफूले नाजायज लाभ लिने नियतले वित्तीयक्षेत्रको प्रतिस्पर्धात्मक वातावरणमा कृत्रिम अबरोध खडा हुने कुनै पनि किसिमको कार्य गर्न,

(ट) इजाजतपत्रप्राप्त संस्थाले गर्न नहुने भनी राष्ट्र बैंकले तोकेका अन्य कार्य गर्न ।

(२) उपदफा (१) को खण्ड (ग) र (घ) वा यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र वा मुद्दती रसिदको धितोमा कर्जा दिन र संस्थापक, संचालक, कार्यकारी प्रमुख वा एक प्रतिशत भन्दा बढी शेयर लिएका शेयरधनी त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको कुनै पनि पदमा बहाल रहेको भए त्यस्तो कार्यकारी प्रमुख वा शेयरधनीलाई कर्मचारी सुविधा अन्तर्गतको कर्जा सुविधा वा सापटी प्रदान गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(३) गैरकानूनी रुपबाट रकम आर्जन गरी निक्षेप खातामा जम्मा गर्ने कुनै पनि व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउनका लागि इजाजतपत्रप्राप्त संस्थाले त्यस्तो सम्पत्ति लुकाउन, परिवर्तन गर्न, भुक्तानी वा रकमान्तर गर्न वा सोको उत्पत्ति वा स्रोत सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जानकारी लुकाउने वा ढाँट्ने वा सोको लागि कुनै किसिमको सहयोग गर्नु हुँदैन । यस्तो कार्य गरेको जानकारी प्राप्त हुन आएमा वा त्यस्तो कार्य भए गरेको शंका लागेमा इजाजत प्राप्त संस्थाले सोको विवरण राष्ट्र बैंक वा मुद्रा अपचलन नियन्त्रण गर्ने सम्बन्धित अन्य निकायलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद–७

## नियमन, निरीक्षण तथा सुपरिवेक्षण

४९. नियमन गर्ने राष्ट्र बैंकको अधिकार: (१) इजाजतपत्रप्राप्त संस्थाको काम कारबाही नियमन तथा व्यवस्थित गर्ने पूर्ण अधिकार राष्ट्र बैंकमा निहित हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियमन गर्ने सम्बन्धमा राष्ट्र बैंकले आवश्यक देखेका विषयमा नियम बनाउन र आवश्यक आदेश, निर्देशन, सूचना तथा परिपत्र जारी गर्न सक्नेछ र त्यस्तो नियम, आदेश, निर्देशन, सूचना तथा परिपत्रको पालना गर्नु सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ ।

५०. बैंकिङ्ग वा वित्तीय व्यवस्था र कर्जा नियन्त्रण: बैंकिङ्ग वा वित्तीय व्यवस्था, मुद्रा तथा कर्जाका सम्बन्धमा राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थालाई समय समयमा निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ ।

५१. ब्याजदर सम्बन्धमा राष्ट्र बैंकले निर्देशन दिन सक्ने : (१) इजाजतपत्रप्राप्त संस्थाले कर्जामा लिने र निक्षेपमा दिने ब्याजदर राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वित्तीय कारोबारलाई प्रतिस्पर्धात्मक ढंगबाट संचालन गर्न गराउन आवश्यक देखेमा त्यस्तो ब्याजदर निर्धारण गर्ने अधिकार राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थालाई प्रत्यायोजन गर्न सक्नेछ ।

५२. राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्ने : (१) राष्ट्र बैंकले जुनसुकै बखत इजाजतपत्रप्राप्त संस्थाको जुनसुकै कार्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्न, गराउन सक्नेछ । राष्ट्र बैंकले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित इजाजतपत्रप्राप्त संस्थामा आफ्नो कुनै अधिकारी वा आफूले तोकेको विशेषज्ञ खटाई स्थलगत (अन साइट) रुपमा वा विस्तृत विवरण तथा सूचनाहरु आफू समक्ष झिकाई (अफसाइट) यस्तो निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारी वा विशेषज्ञ वा राष्ट्र बैंकले मागेका लगत, तथ्याङ्क, विवरण, सूचना, विद्युतीय माध्यमबाट सिर्जना गरिएका कार्यक्रम, विवरण र वित्तीय नियन्त्रण प्रणाली वा आवश्यक अन्य कुनै कागजात त्यस्तो अधिकारी, विशेषज्ञ वा राष्ट्र बैंकले तोकेको समयभित्र त्यस्तो अधिकारी, विशेषज्ञ वा राष्ट्र बैंकलाई उपलब्ध गराउने, हेर्न वा जाँच्न दिने कर्तव्य सम्बन्धित इजाजतपत्रप्राप्त संस्था वा त्यस्तो ईजाजतपत्र प्राप्त संस्थाको सम्बन्धित पदाधिकारीको हुनेछ ।

(३) यस दफा बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारी वा राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाको कुनै पदाधिकारी वा कर्मचारीलाई निरीक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यक देखेका काम कारबाहीका सम्बन्धमा लिखित रुपमा बयान गराउन सक्नेछ ।

(४) यस दफा बमोजिम निरीक्षण तथा सुपरीवेक्षण गर्ने अधिकारीले त्यस्तो निरीक्षण तथा सुपरीवेक्षणको सिलसिलामा आवश्यक ठानेमा इजाजतपत्रप्राप्त संस्थाको ढुकुटी, सुरक्षणमा लिइएको गोदाम, हिंसाब किताब, खाता बही, श्रेस्ता, लेखा तथा अन्य कागजातमा आफ्नो सिलछाप लगाई सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको जिम्मामा राख्न लगाउन सक्नेछ ।

(५) निरीक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यक देखिएका कुनै कुराको सम्बन्धमा राष्ट्र बैंक वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले इजाजतपत्रप्राप्त संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी राष्ट्र बैंक वा निरीक्षण वा सुपरिवेक्षण गर्ने अधिकारीले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ । निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले यसरी दिएको निर्देशनको जानकारी यथाशीघ्र राष्ट्र बैंकलाई दिनु पर्नेछ ।

५३. विदेशी बैंक वा वित्तीय संस्थाले गर्ने निरीक्षण : (१) यस अध्यादेश बमोजिम राष्ट्र बैंकको स्वीकृति लिएर राष्ट्र बैंकले तोकेका शर्तको अधीनमा रही विदेशी बैंक वा वित्तीय संस्थाले नेपाल अधिराज्यमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थापना गरेका आफ्ना कार्यालयको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विदेशी बैंक वा वित्तीय संस्थाले गरेको निरीक्षण प्रतिवेदनको एक प्रति राष्ट्र बैंक समक्ष पेश गर्नु पर्नेछ ।

५४. इजाजतपत्रप्राप्त संस्था उपर नियन्त्रण : (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै इजाजतपत्रप्राप्त संस्थाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ वा यो अध्यादेश वा सो अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी भएको आदेश वा निर्देशनको उल्लंघन गरेको वा राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनबाट इजाजतपत्रप्राप्त संस्थाले निर्वाह गर्नु पर्ने दायित्व पूरा गर्न नसकेको वा नसक्ने सम्भावना भएको वा बैंक वा वित्तीय संस्था सुचारुरुपले संचालन नभएको वा शेयरधनी वा निक्षेपकर्ताको अहित हुने कार्य गरेको कुरामा राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैंकले त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको संचालक समिति निलम्बन गरी त्यस्तो इजाजतपत्रप्राप्त संस्थालाई आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

(२) राष्ट्र बैंकले उपदफा (१) बमोजिम कुनै इजाजतपत्रप्राप्त संस्थालाई नियन्त्रणमा लिएपछि त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको व्यवस्थापन आफै वा कुनै उपयुक्त व्यक्ति, फर्म, कम्पनी वा संस्था नियुक्त गरी सो मार्फत गर्न गराउन सक्नेछ ।

(३) राष्ट्र बैंकले उपदफा (२) बमोजिम आफै वा अन्य कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्था मार्फत व्यवस्थापन गरे गराएको एक वर्षभित्र सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको वित्तीय तथा व्यवस्थापन परीक्षण गरी वा गराई सोको प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनबाट सम्बन्धित इजाजतपत्रप्राप्त संस्था आफूले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न असमर्थ भएको वा सुचारुरुपले संचालन हुन नसक्ने अवस्थामा पुगेको कुरामा राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैंकले त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको दर्ता खारेजी गर्न पुनरावेदन अदालतमा निवेदन दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदनबाट सम्बन्धित इजाजतपत्रप्राप्त संस्था आफूले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न समर्थ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको वा सुचारुरुपले संचालन हुने अवस्थामा पुगेको कुरामा राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैंकले देहायको कारबाही गर्न सक्नेछ :-

(क) इजाजतपत्रप्राप्त संस्थाको संचालक समितिलाई उपदफा (१) बमोजिम गरेको निलम्बन फुकुवा गरी पुन: सोही संचालक समितिलाई सो संस्थाको व्यवस्थापन जिम्मा लगाउने, वा

(ख) उपदफा (१) बमोजिम इजाजतपत्रप्राप्त संस्थाको निलम्बित संचालक समितिलाई बर्खास्त गरी इजाजतपत्रप्राप्त संस्थाको शेयरधनी मध्येबाट नयाँ संचालक समितिको गठन गरी सो संस्थाको व्यवस्थापन जिम्मा लगाउने, वा

(ग) इजाजतपत्रप्राप्त संस्थाको साधारण सभा बोलाई सो सभाबाट नयाँ संचालक समितिको गठन गरी सो संस्थाको व्यवस्थापन जिम्मा लगाउने, वा

(घ) राष्ट्र बैंकले उपयुक्त देखेको अन्य कुनै कारबाही चलाउने ।

(६) राष्ट्र बैंकले उपदफा (१) बमोजिम इजाजतपत्रप्राप्त संस्थालाई आफ्नो नियन्त्रणमा लिनु अघि सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई अवस्था हेरी पन्ध्र दिनसम्मको स्याद दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(७) राष्ट्र बैंकले यस दफा बमोजिम इजाजतपत्रप्राप्त संस्थालाई आफ्नो नियन्त्रणमा लिई गरेको काम कारबाहीको सम्पूर्ण खर्च सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

(८) राष्ट्र बैंकले उपदफा (१) बमोजिम कुनै इजाजतपत्रप्राप्त संस्थालाई आफ्नो नियन्त्रणमा लिएको जानकारी श्री ५ को सरकारलाई दिनेछ ।

५५. विवरण पेश गर्नु पर्ने : इजाजतपत्रप्राप्त संस्थाले राष्ट्र बैंकले तोकेबमोजिम देहायको विवरण राष्ट्र बैंक समक्ष नियमित रुपमा पेश गर्नु पर्नेछ :-

(क) वासलातभित्र र वासलात बाहिरको कारोबार तथा सोसंग सम्बन्धित लेखा र आम्दानी खर्चको विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वासलातभित्र र वासलात बाहिरका सबै प्रकारको कारोबारका सम्बन्धमा लगाईएको शर्त वा प्रतिबन्ध सम्बन्धी विवरण,

(ग) विदेशी मुद्राको स्थिति, विनिमयदर (स्पट), अग्रिम विनिमय दर वा यस्तै प्रकारका अन्य उपकरण र विद्युतीय वा भुक्तानी प्रणालीका अन्य प्रकृया सम्बन्धी विवरण,

(घ) राष्ट्र बैंकले तोकेको अन्य विवरण तथा कागजात ।

## परिच्छेद-८

## कर्जा प्रवाह र असुली सम्बन्धी व्यवस्था

५६. कर्जा प्रवाह गर्नु पर्ने : (१) राष्ट्र बैंकले दिएको निर्देशन तथा समितिले निर्धारण गरेको कर्जा नीतिको अधीनमा रही इजाजतपत्रप्राप्त संस्थाले राष्ट्र बैंकले तोकिदिए बमोजिम कर्जा प्रवाह गर्नु पर्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाले कर्जा दिंदा आफूलाई मान्य हुने चल अचल सम्पत्ति सुरक्षण लिई वा आफ्नो हितको सुरक्षा हुने गरी उचित जमानतमा कर्जा प्रदान गर्नु पर्नेछ ।

(३) इजाजतपत्रप्राप्त संस्थाले यस दफा बमोजिम कर्जाको सुरक्षण वापत लिएको सम्पत्ति कुनै पनि व्यहोराबाट कसैका नाउँमा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न रोक्का गरिदिनको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज रोक्का गरिदिनको लागि इजाजतपत्रप्राप्त संस्थाबाट लेखी आएमा सम्बन्धित कार्यालयले रजिष्ट्रेशन वा दाखिल खारेज रोक्का गरी दिनु पर्नेछ ।

५७. कर्जा असुली सम्बन्धी व्यवस्था : (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्रप्राप्त संस्थासंग भएको कर्जाको सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा वा लिखतको भाखाभित्र इजाजतपत्रप्राप्त संस्थाको कर्जा चुक्ता नगरेमा वा इजाजतपत्रप्राप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाले जाँचबुझ गर्दा कर्जा लिएको कर्जा रकम जुन प्रयोजनको लागि लिएको हो सो प्रयोजनमा नलगाएको वा हिनामिना वा दुरुपयोग भएको देखिएमा सम्बन्धित लिखत वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले इजाजतपत्रप्राप्त संस्थालाई लेखिदिएको वा इजाजतपत्रप्राप्त संस्थामा राखेको धितो सुरक्षणलाई इजाजतपत्रप्राप्त संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा ब्याज असुलउपर गर्न सक्नेछ ।

(२) कर्जा लिने, व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्रप्राप्त संस्थामा राखेको धितो सुरक्षणको जायजेथामा कुनै किसिमले हक छोडी दिएमा वा अन्य कुनै कारणबाट इजाजतपत्रप्राप्त संस्थामा राखेको धितो सुरक्षणको मोल घट्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त संस्थाले तोकेको म्यादभित्र त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सो वापत थप धितो सुरक्षण राख्न लगाउन सक्नेछ । कर्जा लिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्रप्राप्त संस्थाले तोकेको म्यादभित्र थप धितो सुरक्षण नराखेमा वा राखेको धितो सुरक्षणबाट साँवा ब्याज असुलउपर हुन नसकेमा निजको स्वामित्वमा रहेको वा निजको हक लाग्ने अन्य चल अचल सम्पत्तिबाट इजाजतपत्रप्राप्त संस्थाले प्रचलित कानून बमोजिम आफ्नो साँवा ब्याज असुलउपर गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरी असुलउपर भएको रकमलाई सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गर्दा भएको खर्चको रकम र इजाजतपत्रप्राप्त संस्थाको साँवा ब्याजको रकम कट्टा गरी बाँकी रहन आएमा त्यस्तो बाँकी रकम सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई फिर्ता दिइनेछ ।

(४) यस दफा बमोजिम इजाजतपत्रप्राप्त संस्थाले लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनको लागि इजाजतपत्रप्राप्त संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेजको लागि इजाजतपत्रप्राप्त संस्थाबाट लेखी आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यालयले रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

(६) यस दफा बमोजिम इजाजतपत्रप्राप्त संस्थाले धितो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

300

सुरक्षणमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा त्यस्तो सम्पत्ति त्यस्तो संस्थाले तोकिए बमोजिम आफ्नो स्वामित्वमा लिनेछ ।

(७) उपदफा (६) बमोजिम इजाजतपत्रप्राप्त संस्थाले आफ्नो स्वामित्वमा लिएको सम्पत्ति आफ्नो नाउँमा रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ । यसरी लेखीआएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यालयले त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको नाममा त्यस्तो सम्पत्ति रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

(८) कुनै व्यक्ति वा इजाजतपत्रप्राप्त संस्थाले धितो लिलाममा सकारेको सम्पत्ति साविक धनीले भोगचलन गर्न दिन इन्कार गरेमा प्रच्चलित कानून बमोजिम भोग चलन गर्न पाउने गराउन सकार गर्नेले अनुरोध गरेमा श्री ५ को सरकारको सम्बन्धित निकायले आवश्यक सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद-९

## लेखा, अभिलेख, विवरण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

५८. <u>हिसाब किताब दुरुस्त राख्नु पर्ने :</u> (१) इजाजतपत्रप्राप्त स्थाले आफ्नो हिसाब किताब, खाता, बही, श्रेस्ता र लेखाको अभिलेख यथार्थ र दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने लेखा दोहोरो लेखा प्रणालीमा आधारित सर्वमान्य सिद्धान्त अनुरुप इजाजतपत्रप्राप्त संस्थाको कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरी राखिएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम राखिने लेखा राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ ।

५९. <u>वासलात, नाफा-नोक्सान हिसाब र लेखापरीक्षण:</u> (१) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो वासलात र नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार राख्नु पर्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाले आर्थिक वर्ष समाप्त भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०९

पाँच महिनाभित्र वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार तयार गरी लेखापरीक्षण गराउनु पर्नेछ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुईजना संचालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधि भित्र लेखापरीक्षण गराउन नसक्ने इजाजतपत्रप्राप्त संस्थाले मनासिब कारण खोली लेखापरीक्षण गराउने म्याद थपको लागि अनुरोध गरेमा राष्ट्र बैंकले बढीमा तीन महिनाको अवधि थप गरिदिन सक्नेछ ।

(४) उपदफा (३) को अवधिभित्र पनि लेखापरीक्षण गराउन नसक्ने इजाजतपत्रप्राप्त संस्थाको लेखापरीक्षण गर्न राष्ट्र बैंकले लेखापरीक्षकको नियुक्ति गरिदिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम नियुक्त भएको लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित इजाजतपत्रप्राप्त संस्था र राष्ट्र बैंकमा दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम नियुक्त भएको लेखापरीक्षकले राष्ट्र बैंकले तोकेबमोजिम पारिश्रमिक पाउनेछ । यसरी नियुक्त हुने लेखापरीक्षकलाई राष्ट्र बैंकले तोकिदिएबमोजिमको पारिश्रमिक भुक्तानी दिनु सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ ।

६०. <u>लेखापरीक्षकको नियुक्ति</u> : (१) लेखापरीक्षकको नियुक्ति बैंक वा वित्तीय संस्थाको साधारण सभाबाट हुनेछ ।

(२) साधारण सभाले उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ ।

तर साधारण सभाले एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी अवधिको लागि नियुक्त गर्न सक्ने छैन ।

(३) राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट साधारण सभाले उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा चार्टर्ड एकाउन्टेण्ट र "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा चार्टर्ड एकाउन्टेण्ट वा दर्तावाला लेखापरीक्षकलाई नियुक्त गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२

(४) आफ्नो कर्तव्य पालना नगर्ने लेखापरीक्षकलाई राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाको लेखापरीक्षण गर्ने लेखापरीक्षकको सूचीबाट जुनसुकै बखत हटाउनेछ ।

६१. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने : देहायको व्यक्ति वा त्यस्ता व्यक्ति संस्थापक वा हिस्सेदार भएको कम्पनी वा फर्म इजाजतपत्रप्राप्त संस्थाको लेखापरीक्षकमा नियुक्त हुन र नियुक्त भइसकेको भए पनि बहाल रहन सक्ने छैन :-

(क) इजाजतपत्रप्राप्त संस्थाको संचालक वा निजको परिवारका सदस्य,

(ख) इजाजतपत्रप्राप्त संस्थाको कर्मचारी,

(ग) इजाजतपत्रप्राप्त संस्थाको संचालक वा कर्मचारीसंग साझेदार भई काम गरेको व्यक्ति,

(घ) इजाजतपत्रप्राप्त संस्थाको आसामी,

(ङ) लेखापरीक्षण सम्बन्धी अपराधमा सजाय पाई पाँच वर्षको अवधि व्यतित भइ नसकेको व्यक्ति,

(च) साहूको दामासाहीमा परेको व्यक्ति,

(छ) इजाजतपत्रप्राप्त संस्थाको एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको व्यक्ति, फर्म, कम्पनी वा संस्था,

(ज) नैतिक पतन हुने फौज्दारी अपराधमा अदालतबाट सजाय पाई पाँच वर्षको अवधि व्यतित भई नसकेको व्यक्ति,

(झ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको व्यक्ति,

(ञ) राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा सामावेश नभएको व्यक्ति ।

६२. विवरण दिनुपर्ने : लेखापरीक्षण गर्ने क्रममा लेखापरीक्षकले मागेको हिसाब किताब, खाता बही, श्रेस्ता र लेखा लगायतका अन्य विवरण इजाजतपत्र प्राप्त संस्थाले जुनसुकै बखत पनि दिनु पर्नेछ । साथै लेखापरीक्षकले मागेका कुराको यथार्थ जवाफ समेत त्यस्तो विवरण


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिने जिम्मेवारी भएका पदाधिकारीले तुरुन्तै दिनु पर्नेछ ।

६३. लेखापरीक्षकको काम, कर्तव्य र अधिकार : (१) दफा ६० बमोजिम नियुक्त लेखापरीक्षकको काम, कर्तव्य र अधिकार प्रचलित कानून बमोजिम हुनेछ ।

(२) प्रचलित कानूनले तोकेको कुराको अतिरिक्त लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा देहायका कुराहरु स्पष्ट उल्लेख गर्नु पर्नेछ :-

(क) माग गरेका कुराको जवाफ प्राप्त भए नभएको,

(ख) वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण राष्ट्र बैंकले तोकेको ढाँचा र तरिका अनुसार तयार भए नभएको र उक्त विवरण संस्थाले राखेको हिसाब किताब, बही खाता, श्रेस्ता र लेखासंग दुरुस्त रहे नरहेको ,

(ग) प्रचलित कानून बमोजिम हिसाब किताब, खाता बही, श्रेस्ता र लेखा ठीकसंग राखे नराखेको,

(घ) इजाजतपत्रप्राप्त संस्थाको कुनै पदाधिकारीले प्रचलित कानून विपरित कुनै कामकाज वा अनियमित कार्य गरे नगरेको वा इजाजतपत्रप्राप्त संस्थाको हानी नोक्सानी गरे गराएको,

(ङ) इजाजतपत्रप्राप्त संस्थाको कारोबार सन्तोषप्रद रुपबाट संचालन भए नभएको,

(च) पुँजीकोष तथा जोखिमव्यहोर्ने कोष पर्याप्त मात्रामा भए नभएको,

(छ) तोकिए बमोजिम कर्जा अपलेखन गरे नगरेको,

(ज) राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरे नगरेको,

(झ) निक्षेपकर्ता र लगानीकर्ताको हित संरक्षण हुने कार्य गरे नगरेको,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) इजाजतपत्रप्राप्तसंस्थाका कार्यालयहरुबाट प्राप्त विवरण लेखापरीक्षणको लागि पर्याप्त भए नभएको,

(ट) शेयरधनीलाई थाहा दिनुपर्ने निजको बिचारमा लागेका अन्य कुराहरु,

(ठ) लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने भनी राष्ट्र बैंकले तोकिदिएको अन्य विवरण, र

(ड) आवश्यक सुझाव ।

६४. प्रतिवेदन पठाउनु पर्ने : (१) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षण प्रतिवेदन सम्बन्धित इजाजतपत्रप्राप्त संस्था र राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षकले राष्ट्र बैंकमा प्रतिवेदन दिंदा इजाजतपत्रप्राप्त संस्थाको लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रतिवेदन लगायत राष्ट्र बैंकले तोकिदिएको कागजात समेत समावेश गर्नु पर्नेछ ।

६५. लेखापरीक्षकको स्थान रिक्त भएमा : दफा ६० बमोजिम नियुक्त भएको लेखापरीक्षकको स्थान निजको मृत्यु भई वा निजले राजिनामा दिई वा अन्य कुनै कारणले रिक्त हुन आएमा साविकवालाको बाँकी अवधिसम्मलाई सो रिक्त स्थानमा सोही दफाको प्रकृया पूरा गरी समितिले अर्को लेखापरीक्षक नियुक्त गर्न सक्नेछ । यसरी गरिएको लेखापरीक्षकको नियुक्तिलाई त्यस्तो नियुक्ति पछि लगत्तै हुने बार्षिक साधारण सभाबाट समर्थन गराउनु पर्नेछ ।

६६. लेखापरीक्षकले निस्सा लगाउनु पर्ने : लेखापरीक्षकले आफूले परीक्षण गरेको हिसाब किताब, खाता बही, श्रेस्ता र लेखामा आफूले जाँचेको मिति समेत उल्लेख गरी दस्तखत गरी निस्सा लगाउनु पर्नेछ ।

६७. लेखापरीक्षकको पारिश्रमिक : लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले नियुक्त गरेकोमा सो सभाले र समितिले नियुक्त गरेकोमा समितिले तोकेबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

302

## परिच्छेद-१०

## इजाजतपत्र प्राप्त संस्था एक आपसमा गाभिने व्यवस्था

६८. इजाजतपत्रप्राप्त संस्था गाभिन सक्ने : यस अध्यादेश बमोजिमको प्रक्रिया पूरा गरी एउटा इजाजतपत्रप्राप्त संस्था अर्को इजाजतपत्रप्राप्त संस्थामा प्रचलित कानून बमोजिम गाभिन सक्नेछ ।

६९. इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्न वा गाभिन निवेदन दिनुपर्ने : (१) एउटा इजाजतपत्रप्राप्त संस्था अर्को इजाजतपत्र प्राप्त संस्थामा गाभ्न वा गाभिन चाहेमा गाभ्न र गाभिन चाहने दुबै इजाजतपत्रप्राप्त संस्थाले आआफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरी स्वीकृतिको निमित्त राष्ट्र बैंकमा संयुक्त रुपमा देहायका कुरा खुलाई निवेदन दिनु पर्नेछ :-

(क) गाभिने इजाजतपत्रप्राप्त संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

(ख) गाभ्ने र गाभिने इजाजतपत्रप्राप्त संस्थाले ऋण लिएको साहूको गाभ्न वा गाभिनको लागि दिएको लिखित सहमति पत्रको प्रतिलिपि,

(ग) गाभिने इजाजतपत्रप्राप्त संस्थाको चल अचल सम्पत्तिको मूल्याङ्कन र दायित्वको यथार्थ विवरण,

(घ) गाभिने इजाजतपत्रप्राप्त संस्थाको कर्मचारीका सम्बन्धमा भएको निर्णयको प्रतिलिपि,

(ङ) इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभिने सम्बन्धमा राष्ट्र बैंकले तोकेको अन्य आवश्यक कुरा ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि निवेदन परेमा राष्ट्र बैंकले निवेदन साथ संलग्न कागजात तथा विवरण उपर छानविन गरी पैंतालिस दिनभित्र र निर्णयकै सिलसिलामा राष्ट्र बैंकले कुनै विवरण वा कागजात मागेको अवस्थामा थप पन्ध्र दिनभित्र इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्न वा गाभिन स्वीकृति दिने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई दिनु पर्नेछ ।

(३) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दुई वा सो भन्दा बढी इजाजतपत्रप्राप्त संस्था गाभिंदा त्यसबाट वित्तीय क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै इजाजतपत्रप्राप्त संस्थाको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुनसक्ने सम्भावना देखेमा राष्ट्र बैंकले त्यस्ता इजाजतपत्रप्राप्त संस्थालाई गाभ्न र गाभिन स्वीकृति दिने छैन ।

(४) राष्ट्र बैंकले उपदफा (२) बमोजिम इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्न वा गाभिन स्वीकृति दिएमा गाभिने इजाजतपत्रप्राप्त संस्थाको जायजेथा तथा दायित्व गाभ्ने इजाजतपत्रप्राप्त संस्थामा सर्नेछ ।

(५) राष्ट्र बैंकले गाभिएको इजाजतपत्रप्राप्त संस्थाको अभिलेख राख्नु पर्नेछ ।

(६) इजाजतपत्रप्राप्त संस्था गाभ्ने र गाभिने सम्बन्धी अन्य प्रक्रिया सम्बन्धमा राष्ट्र बैंकले आवश्यक निर्देशन दिन सक्नेछ ।

(७) राष्ट्र बैंकले कुनै इजाजतपत्रप्राप्त संस्था गाभ्ने सम्बन्धमा आफूले गरेको निर्णयको ब्यहोरा सर्वसाधारणको जानकारीका लागि निर्णय भएको तीस दिनभित्र राष्ट्रियस्तरको पत्रपत्रिकामा कम्तीमा एक पटक सूचना प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-११

## कसूर तथा दण्ड सजाय सम्बन्धी व्यवस्था

७०. कसूर गरेको मानिने : देहायको कुनै काम गरेमा यस अध्यादेश बमोजिम कसूर गरेको मानिनेछ :-

(क) कसैले यस अध्यादेश बमोजिम इजाजतपत्र नलिई वा इजाजतपत्रको शर्त विपरित हुने गरी वित्तीय कारोबार गरेमा वा यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन विपरीत हुने गरी निक्षेप लिएमा वा कर्जा दिएमा वा डिबेन्चर वा अन्य वित्तीय उपकरण जारी गरेमा वा राष्ट्र बैंकले तोके विपरीत हुने गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

300

प्राप्त संस्थाको वित्तीय कारोवार, हिसाव किताव, खाता बही, श्रेस्ता वा लेखाको गोपनियता कायम राख्नु पर्ने जिम्मेवारी भएका पदाधिकारीले त्यस्तो गोपनियता कायम नराखेमा त्यस्तो पदाधिकारीलाई पाँच लाख रुपैयाँसम्म जरीवाना वा एक वर्षसम्म कैद वा दुबै ।

(ङ) कसैले दफा ७० को खण्ड (ग) बमोजिमको कसूर गरेमा निजलाई त्यस्तो कसूरसंग सम्बन्धित बिगो जफत गरी बिगो बमोजिमसम्मको जरीवाना वा एक वर्षसम्म कैद वा दुबै ।

(च) कसैले यस अध्यादेश विपरीत गरेको काम कारबाहीको सिलसिलामा बिगो जफत गरी बिगो कायम गर्न नसकिने अवस्था भएकोमा कसूरको मात्रा हेरी बढीमा दशलाख रुपैयाँसम्म जरीवाना वा एक वर्षसम्म कैद वा दुबै ।

(२) इजाजतपत्रप्राप्त संस्था वा अन्य कुनै व्यक्ति, फर्म कम्पनी वा संस्थाले दफा ७० बमोजिमको कसूर गरेमा त्यस्तो इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाको त्यस्तो कसूर गर्ने सम्वन्धित पदाधिकारीलाई यस दफा बमोजिमको सजाय हुनेछ ।

(३) दफा ७० बमोजिमको कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न कुनै पनि किसिमले मद्दत पुऱ्याउने इजाजतपत्रप्राप्त संस्था वा अन्य कुनै व्यक्ति, फर्म कम्पनी वा संस्थालाई उपदफा (१) मा तोकिएको सजायको आधासम्म सजाय हुनेछ ।

७२. श्री ५ को सरकार वादी हुने : दफा ७० मा उल्लिखित कसूर सम्वन्धी मुद्दा श्री ५ को सरकार बादी भई दायर गरिनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

७३. राष्ट्र बैंकले जानकारी दिने : दफा ७० मा उल्लिखित कसूर कसैले गरेको जानकारी कुनै माध्यमबाट राष्ट्र बैंकलाई हुन आएमा राष्ट्र बैंकले आवश्यक कारबाहीको लागि श्री ५ को सरकार वा सम्बन्धित निकायमा लेखी पठाउनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७४. राष्ट्र बैंकको नियमन उल्लंघन गरेमा हुने सजाय : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८ वा यो अध्यादेश वा सो अन्तर्गत बनेको नियम वा विनियम अन्तर्गत राष्ट्र बैंकले जारी गरेको आदेश वा निर्देशनको इजाजतपत्रप्राप्त संस्थाले उल्लंघन गरेमा त्यस्तो इजाजतपत्रप्राप्त संस्थालाई नियमन उल्लंघनको गाम्भिर्यता हेरी राष्ट्र बैंकले देहाय बमोजिमको सजाय गर्न सक्नेछ :-

(क) सचेत गराउने वा लिखित चेतावनी दिने,

(ख) सुधारात्मक कदम चाल्नका लागि संचालक समितिलाई कबुलियतनामा गराउने ,

(ग) बारम्बार हुने उल्लंघन अन्त गर्न, त्यसबाट अलग रहन र सुधारात्मक कदम चाल्नका लागि लिखित आदेश जारी गर्ने ,

(घ) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो शेयरधनीलाई दिने लाभांशको वितरण वा बोनस शेयर जारी गर्न वा दुबै कार्य गर्नमा प्रतिवन्ध लगाउने ,

(ङ) इजाजतपत्रप्राप्त संस्थाले स्वीकार गर्न सक्ने निक्षेप वा दिन सक्ने कर्जा वा दुबै कार्य गर्नमा प्रतिबन्ध लगाउने ,

(च) इजाजतपत्रप्राप्त संस्थाको कारोबारमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउने ,

(छ) इजाजतपत्रप्राप्त संस्थाको इजाजतपत्र निलम्बन वा रद्द गर्ने,

(ज) इजाजतपत्र प्राप्त संस्था खारेज गर्न पुनरावेदन अदालतमा निवेदन दिने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राष्ट्र बैंक ऐन, २०५८ वा यो अध्यादेश वा सो अन्तरगत बनेको नियम वा विनियम अन्तर्गत राष्ट्र बैंक वा सो बैंकको निरीक्षण तथा सुपरीवेक्षण गर्ने अधिकारीले माग गरेको कागजात, विवरण, तथ्याङ्क वा अभिलेख राष्ट्र बैंक वा सो बैंकको निरीक्षण तथा सुपरीवेक्षण गर्ने अधिकारीले तोकेको समय भित्र पेश नगरेमा त्यस्तो इजाजतपत्रप्राप्त संस्थालाई राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाको वर्गीकरणको आधारमा दशहजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम लगाइएको जरिवाना रकम इजाजतपत्रप्राप्त संस्थाले तीन दिनभित्र भुक्तानी नगरेमा त्यस्तो संस्थाको राष्ट्र बैंकमा रहेको खाताबाट कट्टा गरी राष्ट्र बैंकले लिन सक्नेछ ।

(४) नेपाल राष्ट्र बैंक ऐन, २०५८ वा यो अध्यादेश वा सो अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत राष्ट्र बैंकले जारी गरेको आदेश वा निर्देशन इजाजतपत्रप्राप्त संस्थाका पदाधिकारीले उल्लंघन गरेमा वा त्यस्ता पदाधिकारीले निक्षेपकर्ता वा लगानीकर्ताको हित विपरीत काम गरेमा वा राष्ट्र बैंक वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले माग गरेको कागजात, विवरण, तथ्याङ्क वा अभिलेख राष्ट्र बैंक वा सो बैंकको निरीक्षण तथा सुपरीवेक्षण गर्ने अधिकारीले तोकेको समयभित्र पेश नगरेमा त्यस्तो पदाधिकारीलाई आदेश वा निर्देशन उल्लंघनको गाम्भीर्यत हेरी राष्ट्र बैंकले देहाय बमोजिमको सजाय गर्न सक्नेछ :-

(क) सचेत गराउने वा नसिहत दिने ।

(ख) निलम्बनमा राख्ने ।

(ग) पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने ।

(घ) तलव, भत्ता लगायतका सम्पूर्ण सुविधाहरु रोक्का राख्न सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको संचालक समितिलाई आदेश दिने ।

(ङ) पदाधिकारी संचालक भए संचालक पदबाट हटाउन वा पदाधिकारी भए त्यस्तो कर्मचारीको सेवाका शर्त सम्बन्धी कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई सेवाबाट अवकास दिन लगाउन सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको संचालक समितिलाई आदेश दिने ।

(५) यस दफा बमोजिम कसैलाई सजाय गर्दा निजलाई आफ्नो तर्फबाट सफाई पेश गर्ने उचित अवसरबाट बञ्चित गरिने छैन ।

तर उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ), उपदफा (२) र उपदफा (४) को खण्ड (क) र (ख) बमोजिम सजाय गर्दा सफाई पेश गर्ने अवसर दिन आवश्यक हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

297

७५. पुनरावेदन लाग्ने : (१) दफा ७४ अन्तर्गत राष्ट्र बैंकले गरेको सजाय उपर चित्त नबुझ्ने इजाजतपत्रप्राप्त संस्था वा सो संस्थाका पदाधिकारीले सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन गर्दा कुनै रकम जरिवाना भएकोमा त्यस्तो रकमको पचास प्रतिशत धरौटीको रुपमा राष्ट्र बैंकमा जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद-१२

## विविध

७६. स्वेच्छिक खारेजीको अनुमति लिनु पर्ने : (१) राष्ट्र बैंकको पूर्व स्वीकृति बिना इजाजतपत्र प्राप्त संस्था स्वेच्छाले खारेज हुन सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रप्राप्त संस्थाको स्वेच्छिक खारेजीको लागि निवेदन पर्न आएमा राष्ट्र बैंकले आवश्यक जाँचबुझ गरी त्यस्तो इजाजतपत्रप्राप्त संस्थाले आफ्नो ऋृण तथा दायित्व पुर्ण रुपमा भुक्तानी गर्न सक्षम छ भन्ने कुरामा राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैंकले तोकिदिएको शर्त पूरा गर्ने गरी स्वेच्छिक खारेजीको अनुमति दिन सक्नेछ ।

७७. इजाजतपत्रप्राप्त संस्था खारेज हुँदा दायित्वको भुक्तानीमा प्राथमिकताक्रम : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त संस्था कुनै किसिमले खारेजी हुँदा देहायको प्राथमिकताको आधारमा दायित्वको भुक्तानी दिनु पर्नेछ :-

(क) खारेजी गर्दा लागेको खर्च ।

(ख) बचत निक्षेपकर्तालाई भुक्तानी गर्न बाँकी रकम ।

(ग) मुद्दती निक्षेपकर्तालाई भुक्तानी गर्न बाँकी रकम ।

(घ) अन्य निक्षेपकर्तालाई भुक्तानी गर्न बाँकी रकम ।

(ङ) प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर, दस्तुर र शुल्क ।

(च) राष्ट्र बैंक संग लिएको कर्जा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कर्मचारीलाई भुक्तानी दिन बाँकी तलब, भत्ता, संचयकोष, उपदान र अन्य रकम ।

(ज) इजाजतपत्रप्राप्त संस्थाले लिएको अन्य कर्जा ।

(झ) शेयरधनी ।

७८. मध्यस्थता : इजाजतपत्रप्राप्त संस्थाहरुका बीचमा कुनै किसिमको विवाद उत्पन्न भएमा राष्ट्र बैंकले मध्यस्थता गर्नेछ । यस्तो मध्यस्थताका सम्बन्धमा राष्ट्र बैंकले दिएको निर्णय अन्तिम हुनेछ ।

७९. गोपनीयता कायम राख्नु पर्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त संस्था र ग्राहक बीचको सम्बन्ध तथा इजाजतपत्रप्राप्त संस्थाको हिसाब किताब, खाता बही, श्रेस्ता र लेखाको विवरण सम्बन्धित व्यक्ति बाहेक अन्य कसैलाई थाहा दिइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो विवरण दिइएमा गोपनियता भङ्ग गरेको मानिने छैन :-

(क) नेपाल राष्ट्र बैंक ऐन, २०५८ वा यो अध्यादेश वा सो अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन बमोजिम राष्ट्र बैंकलाई दिइएमा,

(ख) मुद्दा वा अन्य कानूनी कारबाहीको सिलसिलामा अदालतलाई दिइएमा,

(ग) कानून बमोजिम अधिकार प्राप्त अनुसन्धान तहकिकात गर्ने वा अभियोजन गर्ने अधिकारीलाई तहकिकात वा अभियोजनको सिलसिलामा दिइएमा,

(घ) लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षक लाई दिइएमा,

(ङ) लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकले उल्लेख गरेकोमा,

(च) जाँचबुझको सिलसिलामा जाँचबुझ समितिलाई वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

293

अनुसन्धान अधिकारीलाई दिइएमा,

(छ) द्विपक्षीय वा बहुपक्षीय सन्धिको आधारमा दुई वा दुई भन्दा बढी मुलुक बीच बैंकिङ्ग सूचना आदान प्रदान भएकोमा,

(ज) इजाजतपत्रप्राप्त संस्थाहरु बीच कर्जा सूचना आदान-प्रदान गर्ने सिलसिलामा दिइएमा,

(झ) कुनै खास प्रकृतिको अपराध अनुसन्धान को सिलसिलामा कारण समेत खुलाई कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा इजाजतपत्र प्राप्त संस्थामा रहेको खाताको कुनै विवरण वा इजाजतपत्रप्राप्त संस्थाको खाताको विवरण माग गरी श्री ५ को सरकार, अर्थ मन्त्रालयबाट अनुरोध भई राष्ट्र बैंकले निर्देशन दिएमा ।

(३) श्री ५ को सरकार, अदालत, राष्ट्र बैंक, जाँचबुझ समिति, अनुसन्धान तथा अभियोजन अधिकारी, लेखापरीक्षक, यस अध्यादेश बमोजिम नियुक्त निरीक्षक वा अरु कसैले पनि उपदफा (२) बमोजिम प्राप्त हुन आएको जानकारी वा विवरणको गोपनीयता भंग गर्नु हुँदैन ।

(४) इजाजतपत्रप्राप्त संस्थाका संचालक, कार्यकारी प्रमुख, कर्मचारी, लेखापरीक्षक तथा सल्लाहकारले इजाजतपत्रप्राप्त संस्था र ग्राहक बीचको सम्बन्धमा खलल पर्ने गरी इजाजतपत्रप्राप्त संस्थाको हिसाब किताव, खाता बही स्रेस्ता, लेखा तथा अन्य कुनै पनि किसिमको गोपनियता कायम गर्नु पर्ने विषयको गोपनियता भंग गर्नु हुँदैन ।

८०. खाता रोक्का राख्न निर्देशन दिन सक्ने :(१) कुनै पनि किसिमको कसूरको अनुसन्धान वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय आतंकवादी गतिविधि वा संगठित अपराधको नियन्त्रण गरी राष्ट्रिय हित कायम राख्ने सिलसिलामा कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा इजाजतपत्रप्राप्त संस्थामा रहेको खाताबाट कुनै पनि किसिमले भुक्तानी दिन वा रकमान्तर गर्न नपाउने गरी खाता रोक्का राख्न राष्ट्र बैंकले सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई कुनै पनि बखत निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्र बैंकले दिएको निर्देशनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९४

पालना गर्नु सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ ।

८१. निक्षेप उपरको हक दावी : (१) इजाजतपत्रप्राप्त संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरु कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछ :-

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,

(ग) सगोलको बाबु, आमा, छोरा पट्टिको नाती वा नातीनी,

(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,

(ङ) सगोलको बाबु पट्टिको बाजे, बज्यै, दाजु, भाई, अविवाहिता दिदी वा बहिनी,

(च) सगोलको भतिजा, भतिजी, सौतैनी आमा, भिन्न बसेको छोरा पट्टिको नाती वा अविवाहिता नातिनी,

(छ) सगोलको काका, बिधवा काकी, भाउज्यू, भाई बुहारी वा नातिनी बुहारी,

(ज) भिन्न बसेको दाजु वा भाई,

(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, बिधवा छोरा बुहारी, नातिनी बुहारी वा भतिजा ।

(२) उपदफा (१) बमोजिमको क्रममा कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप श्री ५ को सरकारको हुनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त संस्थामा रहेको निक्षेप उपदफा (१) बमोजिम हक पुग्ने व्यक्तिको मन्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२. दावी नपरेको निक्षेप वा लाभांशको विवरण : (१) इजाजतपत्रप्राप्त संस्थाले दश वर्षदेखि चल्ती नभएका तथा यस अध्यादेश बमोजिम हक दावी नपरेका निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र राष्ट्र बैंकमा पठाउनु पर्नेछ।

(२) इजाजतपत्रप्राप्त संस्थाले लाभांश घोषणा गरेको मितिले पाँच वर्षसम्म पनि सम्बन्धित शेयरधनी वा निजको हकवाला सो लाभांश लिन नआएमा त्यस्ता शेयरधनीको लाभांशको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ।

(३) इजाजतपत्रप्राप्त संस्थाले उपदफा (१) वा (२) बमोजिम चल्ती नभएका वा दावी नपरेका निक्षेपहरु वा वितरण नभएको लाभांशको विवरण राष्ट्रिय स्तरको पत्रपत्रिकामा कम्तीमा एक पटक प्रकाशन गर्नु पर्नेछ।

८३. निक्षेप भरी भराऊ वा जफत हुन सक्ने : इजाजतपत्रप्राप्त संस्थामा राखेको निक्षेप रकम धितो वा जमानत राखी लेनदेन कारोबार गरेको वा सरकारी वा श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संस्थाको तहविल मासी सो मासेको रकमबाट वा प्रचलित कानून बमोजिम कुनै कसूर मानिने काम गरी सो कसूरको बिगोबाट वा आतंककारी वा संगठित अपराध सम्बन्धी गतिविधिबाट संकलन गरी निक्षेप राखेको रहेछ भने सो धितो वा जमानत रहेको वा तहविल मसौट गरेको वा बिगो जति प्रचलित कानून बमोजिम सो निक्षेपबाट भरी भराऊ वा जफत हुन सक्नेछ।

८४. व्यवस्थापन खर्च: बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा संस्थापना खर्च राष्ट्र बैंकले तोकिदिएको सीमा भन्दा बढी हुने छैन।

८५. बाधा अडकाउ फुकाउने : यस अध्यादेशमा लेखिएको कुनै कुरा कार्यान्वयन गर्न बाधा अडकाउ परेमा राष्ट्र बैंकले श्री ५ को सरकारको सहमती लिई त्यस्तो बाधा अडकाउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ।

८६. छुट र सुविधा : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि, घरेलु तथा साना उद्योग, सिंचाई, जल विद्युत उत्पादन तथा श्री ५ को सरकारले तोकेको अन्य कुनै व्यवसायको निमित्त इजाजतपत्रप्राप्त संस्थाले नेपाली नागरिक वा प्रचलित कानून



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९६

बमोजिम स्थापित संस्थालाई दिने बढीमा दश लाख रुपैयाँसम्मको कर्जाको लिखत रजिष्ट्रेशन गर्नु पर्ने छैन ।

(२) दफा ५१ को उपदफा (२) को अधिनमा रही इजाजतपत्रप्राप्त संस्थाले कर्जा वा निक्षेपमा लिने वा दिने व्याजको दर र व्याज लाग्ने तरीका इजाजतपत्रप्राप्त संस्थाले तोके बमोजिम हुनेछ ।

तर त्यस्तो व्याजको दर वा व्याज लाग्ने तरीकाको सम्बन्धमा राष्ट्र बैंकले समय-समयमा दिएको निर्देशन इजाजतपत्रप्राप्त संस्थाले पालना गर्नु पर्नेछ ।

(३) इजाजतपत्रप्राप्त संस्थाले लिने वा दिने कर्जा र निक्षेपको भाखा इजाजतपत्रप्राप्त संस्थाले तोके बमोजिम हुनेछ ।

(४) इजाजतपत्रप्राप्त संस्थासित सम्बन्धित कुनै किसिमको लिखतमा आयटिकट दस्तुर लाग्ने छैन ।

८७. असल नियतले गरेको काममा जवाफदेही हुन नपर्ने : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, यो अध्यादेश वा सो अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन बमोजिम असल नियतले गरेको कुनै कामकारबाहीको सम्बन्धमा इजाजतपत्रप्राप्त संस्थाका पदाधिकारी व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुने छैनन् ।

तर द्वेष पूर्ण लापरवाही वा वदनियतबाट गरिएको कुनै कामको परिणाम उपर निजहरु व्यक्तिगत रुपमा जिम्मेवार हुनेछन् ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, यस अध्यादेश वा सो अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको पालना गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानी नोक्सानीको सम्बन्धमा इजाजतपत्रप्राप्त संस्थाका विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले व्यहोर्नेछ ।

तर द्वेष पूर्ण लापरवाही वा वदनियतबाट गरिएको कुनै कामको परिणाम उपर परेको मुद्दाको खर्च इजाजतपत्रप्राप्त संस्थाले व्यहोर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८. शपथ ग्रहण गर्ने : (१) इजाजतपत्रप्राप्त संस्थामा पहिलो पटक नियुक्ति भएका पदाधिकारीले आफ्नो ओहदाको काम शुरु गर्नु भन्दा अगावै तोकिए बमोजिम गोपनियता र इमान्दारीताको शपथ लिनु पर्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाको पदाधिकारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा थाहा पाएको कुनैपनि सूचना वा जानकारी अनाधिकृत व्यक्तिलाई थाहा दिनु हुँदैन ।

८९. काम कारबाही बदर नहुने : संचालकको नियुक्ति वा समितिको गठनमा अनियमितता भएको वा कुनै संचालकको पद रिक्त रहेको कारणले मात्र संचालक वा समितिले गरेको कुनै काम कारबाही बदर हुने छैन ।

९०. नियम बनाउने अधिकार : यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न राष्ट्र बैंकले आवश्यक नियमहरु बनाउन सक्नेछ त्यस्ता नियमहरु श्री ५ को सरकारबाट स्वीकृति भए पछि लागू हुनेछन् ।

९१. विनियम बनाउने अधिकार : (१) आफ्नो काम कारोबार सुव्यवस्थित रुपले संचालन गर्न र यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न इजाजतपत्रप्राप्त संस्थाले विनियम बनाउन सक्नेछ । त्यस्तो विनियम राष्ट्र बैंकबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी इजाजतपत्रप्राप्त संस्थाले देहायको कुनै वा सबै विषयमा विनियम बनाउन सक्नेछ :-

(क) समितिको बैठक र साधारण सभाको कार्यविधि बारे,

(ख) समितिले संचालक वा कर्मचारीलाई अख्तियारी सुम्पने बारे,

(ग) इजाजतपत्रप्राप्त संस्थाका कर्मचारीको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, तलव, भत्ता, उपदान, निवृत्तभरण, विदा, आचरण, अनुशासन समेत सेवाका शर्त र गठन बारे,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) इजाजतपत्रप्राप्त संस्थाका तर्फबाट गरिने करार सम्बन्धी शर्तहरु बारे,

(ङ) इजाजतपत्रप्राप्त संस्थाको आर्थिक प्रशासन सम्बन्धी विषय बारे,

(च) इजाजतपत्रप्राप्त संस्थाको छाप चलाउने कार्यविधी बारे,

(छ) यस अध्यादेश बमोजिम इजाजतपत्र प्राप्त संस्थाले गर्नुपर्ने अन्य काम कारबाही बारे ।

९२. प्रचलित कानून बमोजिम हुने : यस अध्यादेश र यस अध्यादेश अन्तर्गत जारी गरिएका आदेश वा निर्देशनमा लेखिएका कुरामा यसै अध्यादेश र आदेश वा निर्देशन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

तर नेपाल राष्ट्र बैंक ऐन,२०५८ मा लेखिए जति कुरामा सोही ऐन बमोजिम हुनेछ ।

९३. बचाउ : (१) तत्काल प्रचलित कृषि विकास बैंक ऐन, २०२४ अन्तरगत स्थापना भएको कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ अन्तरगत स्थापना भएको नेपाल औद्योगिक विकास निगमले दफा ३० को उपदफा (२) बमोजिमको अवधिसम्मका लागि र दफा ३० बमोजिम इजाजतपत्र लिइ सकेपछि पनि दफा ४७ को उपदफा (१) र (२) मा उल्लिखित वित्तीय कारोबारका अतिरिक्त राष्ट्र बैंकले तोकिदिएको अन्य वित्तीय कारोबार समेत गर्न सक्नेछ ।

(२) यो अध्यादेश प्रारम्भ हुनुभन्दा अघि राष्ट्र बैंकको इजाजतपत्र लिई वित्तीय कारोबार संचालन गर्दै आएका बैंक वा वित्तीय संस्थाको हकमा त्यस्ता बैंक वा वित्तीय संस्थाले यस अध्यादेश बमोजिम संस्थापना भई वित्तीय कारोबार संचालन गर्ने इजाजतपत्र नलिएसम्म दफा ३० को उपदफा (२) मा उल्लिखित अवधिसम्मका लागि त्यस्ता बैंक वा वित्तीय संस्थाका हकमा समेत यो अध्यादेश लागू हुनेछ ।

तर-,

(क) त्यस्ता बैंक वा वित्तीय संस्थाका संस्थापक,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संचालक, शेयरधनी वा अन्य कुनै पदाधिकारीको त्यस्ता बैंक वा वित्तीय संस्थासंगको आपसी हक अधिकारमा यस अध्यादेशको कुनै कुराले प्रतिकूल प्रभाव नपारी तत्काल प्रचलित कानून बमोजिम नै कायम रहेको मानिने छ ।

(ख) यो अध्यादेश प्रारम्भ हुनुभन्दा अगावै भइसकेको वा हुनुपर्ने कुनै काम कुराका सम्बन्धमा त्यस्ता बैंक वा वित्तीय संस्थाका संस्थापक, संचालक, शेयरधनी वा कुनै पदाधिकारीको काम,कर्तव्य तथा अधिकार र दायित्वको निर्धारण तत्काल प्रचलित कानून बमोजिम नै हुनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६० प्रारम्भ भएको मितिले दुई वर्षसम्म उपदफा (१) बमोजिम खारेज गरिएका ऐन अन्तर्गत संस्थापित भई वित्तीय कारोबार गर्न इजाजतपत्र प्राप्त गरेका बैंक वा वित्तीय संस्थाले उक्त ऐनहरु बमोजिम कुनै कानूनी कारबाही वा उपाय शुरु गर्न, जारी राख्न वा लागू गर्न यस अध्यादेशको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि,-

(क) तत्काल प्रचलित कृषि विकास बैंक ऐन,२०२४, वाणिज्य बैंक ऐन, २०३१ र नेपाल औद्योगिक विकास निगम ऐन,२०४६ बमोजिम संस्थापित बैंक वा वित्तीय संस्था यस अध्यादेश बमोजिम कुनै बैंक वा वित्तीय संस्थामा परिणत भएमा त्यस्ता बैंक वा वित्तीय संस्थाको हकमा बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन,२०५८ लागू हुनेछ,

(ख) यो अध्यादेश प्रारम्भ भएको मितिले दुई वर्षसम्म खण्ड (क) मा लेखिएका ऐन अन्तर्गत संस्थापित बैंक वा वित्तीय संस्थाले सो ऐन बमोजिम कुनै कानूनी कारबाही वा उपाय शुरु गर्न, जारी राख्न वा लागू गर्न यस अध्यादेशको कुनै कुराले बाधा पु-याएको मानिने छैन,

(ग) यो अध्यादेश प्रारम्भ हुँदाका बखत खण्ड (क) मा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

320

उल्लिखित बैंक वा वित्तीय संस्थाबाट बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ बमोजिम दायर भएका वा यो अध्यादेश प्रारम्भ भएपछि दायर हुने मुद्दाहरु तत् तत् ऐन बमोजिम संस्थापित बैंक वा वित्तीय संस्थाको तर्फबाट दायर भएका मानिनेछन् ।

(५) सम्वत् २०६१ साल श्रावण २१ गते जारी भएको बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

**लालमोहर सदर मिति: २०६१।१०।१८।२**

आज्ञाले,
**डा. कुलरत्न भुर्तेल**
**श्री ५ को सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२९

# भाग २

श्री ५ को सरकार

## कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६१ सालको अध्यादेश नं. २८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** शिक्षा ऐन,२०२८ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
322

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "शिक्षा (आठौं संशोधन) अध्यादेश, २०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षा ऐन,२०२८ को दफा २ मा संशोधनः** शिक्षा ऐन,२०२८ (यसपछि "मूल ऐन" भनिएको ) को दफा २ को खण्ड (ठ) मा रहेका "स्थापना गरेको" भन्ने शब्दहरु पछि "सार्वजनिक वा निजी" भन्ने शब्दहरु थपिएका छन् ।

३. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) सम्वत् २०५८ साल माघ २५ गते भन्दा अघि संस्थागत विद्यालयको रुपमा सञ्चालन भई आएका तर कम्पनी वा शैक्षिक गुठीको रुपमा दर्ता नभएका वा त्यसरी दर्ता गर्न निवेदन नदिएका विद्यालयले त्यस्तो विद्यालय कम्पनी वा शैक्षिक गुठी कुन रुपमा सञ्चालन गर्ने हो सो सम्बन्धमा तोकिएको विवरण खुलाई यो उपदफा प्रारम्भ भएको मितिले छ महिनाभित्र तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।"

४. **मूल ऐनको दफा ११ख. मा संशोधनः** मूल ऐनको दफा ११ख.को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर,

(१) सम्वत् २०६१ साल श्रावण २१ गतेपछि सामुदायिक विद्यालयमा रिक्त भएको वा हुने शिक्षक पदको नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवा तोकिए बमोजिम हुनेछ ।

(२) दफा ११थ. बमोजिम स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थाले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालयको शिक्षकको नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवा तोकिएको आधारमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।"

५. **मूल ऐनको दफा ११च. मा संशोधनः** मूल ऐनको दफा ११च.को उपदफा (१) को खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछः-

"तर त्यसरी खुल्ला प्रतियोगिताको लागि पद संख्या खुलाउंदा बढीमा पचास प्रतिशत पदमा सम्वत् २०६१ साल श्रावण २१ गतेपछि आयोगबाट भएको पहिलो विज्ञापनमा देहायका व्यक्ति मात्र उमेदवार हुन पाउने गरी आयोगले आवश्यक व्यवस्था गर्न सक्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) सम्वत् २०५२ सालमा प्रकाशित विज्ञापन बमोजिम स्थायी रुपमा शिक्षकको पदपूर्ति हुँदा अस्थायी शिक्षकबाट हट्न गएका व्यक्ति मध्ये कम्तिमा एक वर्ष अस्थायी शिक्षकको हैसियतले काम गरेको व्यक्ति,

(२) सम्वत् २०५८ साल माघ २५ गते अघि सामुदायिक विद्यालयको शिक्षक पदमा अस्थायी नियुक्ति पाई निरन्तर रुपमा काम गरिरहेको व्यक्ति ।"

६. **मूल ऐनको दफा ११ढ. मा संशोधन:** मूल ऐनको दफा ११ढ. मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिनेछ ।"

७. **मूल ऐनमा दफा ११थ. थप:** मूल ऐनको दफा ११त. पछि देहायको दफा ११थ. थपिएकोछ:-

"११थ. **विद्यालयको व्यवस्थापन जिम्मा दिन सकिने:** कुनै सामुदायिक विद्यालयको व्यवस्थापन तोकिएको आधारमा स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थालाई जिम्मा दिन सकिनेछ । त्यसरी व्यवस्थापन जिम्मा दिइएका विद्यालयलाई यस ऐनको अधीनमा रही एकमुष्ठ अनुदान रकम दिइनेछ ।"

८. **मूल ऐनको दफा १२ मा संशोधन:** मूल ऐनको दफा १२ को,-

(१) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छ :-

"(५क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले भवन वा जग्गा उपलब्ध गराएको वा कुनै किसिमको सहयोग दिएको कुनै संस्थागत विद्यालयको व्यवस्थापन समितिको गठन श्री ५ को सरकारबाट हुन आवश्यक देखिएमा शिक्षा तथा खेलकूद मन्त्रालयले त्यसको कारण खुलाई आफैले गर्न सक्नेछ ।"

(२) उपदफा (६) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमौजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।"

९. **मूल ऐनको दफा १६झ. मा संशोधन:** मूल ऐनको दफा १६झ. मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर दफा १५ बमोजिम कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्ने सम्बन्धी व्यवस्था संस्थागत विद्यालयको हकमा समेत लागू हुनेछ।"

१०. **बचाउः** सम्बत् २०६१ साल श्रावण २१ गते जारी भएको शिक्षा (आठौं संशोधन) अध्यादेश, २०६१ बमोजिम भए गरेका काम कारवाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ।

लालमोहर सदर मितिः २०६१।१०।१८।२

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्यः रू. ५०।-
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
324

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।